# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष ११ | अंक ४३ | काठमाडौं | मंगलबार, २२ जेठ २०८१ | Prabhab National Daily | Tuesday, June 4, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# गठबन्धनमा खटपट, प्रधानमन्त्रीलाई छटपट

■ **जेबी योञ्जन**



**काठमाडौं–** एमाले-माओवादीसहितको सत्ता गठबन्धनमा मतभेद चुलिँदै गएको छ । नेकपा एमालेले बजेटमा असन्तुष्टि प्रकट गर्नु, मधेसमा गठबन्धनको सरकार गठन नहुनु र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल विपक्षी दलहरूको कित्तामा उभिन खोज्नुले सत्ता गठबन्धन भित्रभित्रै गम्भीर संकटमा पर्दै गएको देखिएको हो ।

वर्तमान सत्ता गठबन्धन बनेको ठीक दुई महिनामात्रै भएको छ । यति छोटो अवधिमै गठबन्धनका दलहरूबीच खटपट देखिएको हो । यसले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको गठबन्धन सरकारको भविष्यमाथि प्रश्न खडा गरेको छ ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले शनिबार नै अर्थमन्त्री वर्षमान पुनले परामर्श नगरी बजेट ल्याएको भन्दै असन्तुष्टि पोखेका थिए । सत्तारुढ दलहरूबीच नै परामर्श नगरी बजेट ल्याउँदा अर्थमन्त्री पुनको कि उनी आबद्ध दल माओवादीको भन्दै ओलीले प्रश्नसमेत गरेका थिए ।

'यो बजेट एकदमै सामान्य हिसाबले भन्ने हो भने दफावार हिसाबले नजाँदा पनि सरकारमा सहभागी दलहरूसँग परामर्श गरेर, छलफल गरेर बजेट ल्याइएको भए धेरै राम्रो बजेट हुन सक्थ्यो,' ओलीले भनेका छन्, 'छलफल नहुँदा यो अर्थमन्त्रीको बजेट हो कि ? अर्थमन्त्री भएको पार्टीको ?'

ओलीको यस्तो असन्तुष्टि प्रकट भएको अवस्थाबीच आइतबार र सोमबार बजेटबारेको छलफलमा सहभागी एमाले सांसदहरूले पनि बजेटबारे असन्तुष्टि पोखे ।

- एमालेले बजेटमा असन्तुष्टि प्रकट गर्नु, मधेसमा गठबन्धनको सरकार गठन नहुनु र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल विपक्षी दलहरूको कित्तामा उभिन खोज्नुले सत्ता गठबन्धन भित्रभित्रै गम्भीर संकटमा पर्दै गएको संकेत
- बाहिर हल्ला गरेजस्तो गठबन्धनमा खटपट नभएको सत्तारूढ दलका नेताहरूको दाबी

**बजेटबारे सुझाव राखेकै कारणले गर्दा बाहिर सत्तारूढ दलहरूको बीचमा विशेषतः एमाले र माओवादीकै बीचमा खटपट सुरू भएको भन्ने होइन ।**

■ **महेश बर्तौला**
**प्रमुख सचेतक, एमाले**

पूर्वअर्थमन्त्रीसमेत रहेका उपाध्यक्ष विष्णु पौडेल, सांसद रघुजी पन्तलगायत सांसद बजेटको आलोचनामा उत्रिए । बजेटबारे उठेका सवालको डटेर सामना गर्नुपर्ने अवस्थामा एमाले बजेटलाई लिएर प्रतिपक्ष दलजस्तै भएको हो । यसबाट प्रधानमन्त्री दाहाल सशंकित भएका छन् । आइतबार र सोमबार लगातार प्रधानमन्त्री दाहालले ओलीसँग संवाद गरेका छन् । ओलीको सचिवालयले जनाएअनुसार दाहालले बजेटको विरोध नगरी 'डिफेन्स' गर्न सत्तारुढ दलको हिसाबले एमालेको मूल दायित्व रहेको ओलीलाई बताएका थिए । ओलीले भने सत्ता घटकहरूबीच परामर्श नगरी किन बजेट ल्याइयो भनेर प्रधानमन्त्री दाहाललाई सोधेका थिए ।

एकातिर ओली नेतृत्वको एमाले बजेटलाई लिएर असन्तुष्ट छँदा गठबन्धनकै एउटा दल नेकपा एकीकृत समाजवादीले भने विपक्षी कित्तामा उभिन सक्ने संकेत गरेको छ । किनभने मधेस प्रदेशमा मुख्यतः एकीकृत समाजवादीकै समर्थन प्राप्त गर्न नसक्दा एमाले, माओवादीसहितका दलहरू सम्मिलित सरकार गठनका लागि जनमत पार्टीले दाबी पेस गर्न सकेको छैन ।

पार्टी महासचिवसमेत रहेका मधेस प्रदेश संसद्का प्रमुख सचेतक चन्दन सिंहले एकीकृत समाजवादी र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को समर्थन रहने टुंगो लागेपछि मात्रै मधेस सरकार गठनमा जनमत सरिक हुने बताए ।

(क्रमशः पृष्ठ २ मा)

# बालेन–एमाले सडकमा आमनेसामने

- उपप्रधान एवं भौतिक तथा यातायातमन्त्री रघुवीर महासेठ र वडाध्यक्ष चिनिकाजी महर्जनमाथि खनिएपछि एमाले अध्यक्ष ओली आफैं बालेनविरूद्ध प्रतिवादमा
- महानगर प्रमुख बालेनले एमाले अध्यक्ष ओलीमाथि झापाको गिरिबन्धु टी-स्टेट प्रकरणबारे निरन्तर प्रश्न उठाइरहेका छन् जसलाई कांग्रेसले समेत साथ दिइरहेको छ
- जेठ १२ गते काठमाडौं महानगरले न्युरोडमा फुटपाथ बढाउन काटेको सडक टाल्न सडक विभागको टोली पुगेपछि बालेन एमालेमाथि थप आक्रामक बनेका हुन्



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जेठ १२ गते शनिबार काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) साहले सडक विभागको गेट अगाडि धुलो लगेर फालेसँगै उनी एमालेको निसानामा परेका थिए । त्यतिबेला बालेनले बबरमहल र मीनभवनको सडक विभाग कार्यालयको गेट अगाडि धुलो फाल्दै उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठलाई दैनिक एक ट्रक धुलो उपहार पठाउने घोषणा गरेका थिए ।

कलंकी महाराजगञ्जको चक्रपथ नबनेको भन्दै बालेनले यो काम नसकेसम्म मन्त्रीलाई उपहार पठाइरहने भनेका थिए । तर, पछि बालेनको विद्रोह न्युरोडको सडकमा फुटपाथ बढाउने विषयमा भएको विवादको कारण रहेको खुल्यो । महानगरले न्युरोड क्षेत्रमा फुटपाथ बढाउन भन्दै सडक काटेपछि सडक विभागले तत्काल काम रोक्न पत्र काटेसँगै क्रुद्ध बनेका बालेनले धुलो फाल्न पठाएको खुल्यो ।

भौतिक पूर्वाधारमन्त्री महासेठ एमालेको नेतृत्व गर्दै सरकारमा सहभागी नेता हुन् । संयोग मान्नुपर्छ, एमालेबाटै काठमाडौं महानगर वडा नं. २२ को वडाध्यक्ष निर्वाचित भएका चिनीकाजी श्रेष्ठ र बालेनको विवाद यही सडकबारे भयो । उक्त विवादको भिडियो सामाजिक सञ्जालमा भाइरल बन्दा धेरैले बालेनलाई साथ दिए । त्यसपछि एमाले अध्यक्ष केपी शर्मा ओली बालेनविरुद्ध प्रतिवादमा आफैं उत्रिए । उनले शुक्रबार च्यासलस्थित पार्टी कार्यालयबाटै असन्तुष्टि पोखे ।

'एनार्किस्ट प्रवृत्तिकाविरुद्ध म छक्क पर्छु कत्ति साह्रो कमजोर प्रवृत्ति होला, कसैले अर्काको ढोकामा लगेर फोहोर फ्याँक्छ ? गलत गऱ्यो भनेर कसैले भन्न सक्दैन । के हालत होला ? यो गलत हो,' ओलीले भने । यस्ता क्रियाकलाप स्वतन्त्र र सभ्य समाजका लागि हुन नसक्ने उनको भनाइ थियो ।

'असन्तुष्टि, आक्रोश, प्रतिक्रिया भनेको मलाई छिमेकीसँग चित्त बुझेन भने घरको फोहोर सबै लगेर उसको ढोकामा राखिदिने ? यो कुनै सभ्यता हो ?

(क्रमशः पृष्ठ २ मा)

## बालेनलाई कांग्रेसको साथ !

सहकारीको रकम अपचलन आरोप लागेका गृहमन्त्री रवि लामिछानेलाई एमालेले निरन्तर साथ दिएपछि जेठ १ गते कांग्रेसले संसदीय दलको बैठकमा गिरिबन्धु टी-स्टेटको मुद्दा घुसाएको थियो । ओली नेतृत्वको तत्कालीन सरकारले २०७८ वैशाख १३ मा गिरिबन्धु टी-स्टेटको ३४४ बिघाभन्दा बढी जग्गा साटफेर गरेर व्यापारिक प्रयोजनमा लगाउन दिनेगरी निर्णय गरेको थियो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# 'रोजगारदाता र श्रमिकबीचको दूरी घटाउन रोजगार मेला'

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले 'श्रमाधान रोजगार मेला'बाट रोजगारीको खोजीमा रहेका श्रमिक र रोजगारदाताबीच भएको दूरी घटाउन मद्दत पुग्ने बताएका छन् । गण्डकी प्रदेशको पोखरामा सुरु भएको दुईदिने रोजगार मेलाको उद्घाटन गर्दै मन्त्री अर्यालले उक्त कुरा बताएका हुन् ।

रोजगारीको खोजीमा रहेका श्रमिक र रोजगारदाताबीच समन्वय गर्न मन्त्रालयले रोजगार मेलाको आयोजना गरेको उल्लेख गर्दै मन्त्री अर्यालले यस्ता खालका कार्यक्रमले रोजगारीका अवसर सिर्जना हुने दाबी गरे । 'नेपालमा एकातिर रोजगारी नपाउने र अर्कोतिर रोजगारदताले श्रमिक नपाउने अवस्थालाई अन्त्य गर्न यो मेलाले सहयोग गर्छ भन्ने सरकारले विश्वास लिएको छ,' उनले भने, 'श्रम खोज्नेको ठूलो संख्या छ तर अर्कोतिर रोजगारदाताले श्रमिक नपाएर आप्रवासी श्रमिक भित्र्याउनुपरेको अवस्था छ, यो अवस्थाको अन्त्य गर्न मेलाले सहयोग पुऱ्याउँछ ।'

अहिलेको परिवेशमा श्रमाधान रोजगार मेला सान्दर्भिक ठानेर बजेटविना नै मेलाको आयोजना गरिएको उनले बताए । मन्त्री अर्यालले छोटो अवधिको तयारीका कारण कतिपय सरोकारवालालाई कार्यक्रममा समेट्न नसकेको बताए । उनले आगामी दिनमा संयुक्तरूपमा तीनवटै सरकार (संघ, प्रदेश र स्थानीय तह) मिलेर पालिकास्तरमा नै रोजगार मेला अयोजना गर्ने जानकारी दिए ।

रोजगार मेलाबाट तत्कालै रोजगारीको अवसर पाउन नसके पनि आगामी दिनमा राम्रै अवस्था सिर्जना हुने मन्त्री अर्यालको भनाइ छ । 'अहिले सञ्चालन भइरहेको मेला एकखाले सुरुआती मात्रै हो,' उनले भने, 'यसको दीर्घकालीन महत्त्व र अवसर छ ।' मेलाको उद्देश्य स्वदेशमा रोजगारीको अवसर सिर्जना गराउनमात्र




नभई वैदेशिक रोजगारीमा जानेहरूलाई समेत अवश्यक जानकारी प्रदान गर्ने रहेको उनले प्रस्ट पारे ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकीमा आयोजना गरिएको श्रमाधान रोजगार मेलाले श्रम र रोजगारको क्षेत्रमा नयाँ दिशा पहिल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने बताए । नेपालमा जति पनि समस्या देखिएका छन् त्यसको मुख्य कारण बेरोजगारी रहेको पाण्डेको भनाइ छ । 'अहिले नेपालको सबैभन्दा ठूलो चुनौती युवालाई रोजगारी दिन नसक्नु हो,' उनले भने, 'रोजगारीकै कारण गाउँ छोड्ने ट्रेण्ड देखिएको छ, गाउँघरमा जमिन बाँझो छ ।'

सरकारले ठूला-ठूला योजना अघि बढाए पनि कार्यान्वयनको अभावमा स्वदेशमा रोजगारीको अवसर नहुँदा विदेशिने नेपालीको संख्या बढेको मुख्यमन्त्री पाण्डेको भनाइ छ । 'कृषिमा आधारित रोजगारीको अवसर छ, गत वर्ष कृषिका लागि प्रदेश सरकारले ठूलो योजना अघि बढाएको थियो तर, त्यो सफल हुन सकेन, यस्तो अवस्थामा रोजगारी नपाएपछि मान्छे विदेश जाने नै भए,' उनले भने ।

यस्तै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पोखरा महानगरले अहिलेसम्म तीन हजारभन्दा बढीलाई रोजगारीका अवसर प्रदान गरिसकेको बताए । रोजगार मेलाबाट आगामी दिनमा थप श्रम र रोजगारका अवसर सिर्जना हुने विश्वास व्यक्त गर्दै तीनै तहका सरकार मिलेर कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

यही जेठ २१ र २२ गतेसम्म सञ्चालन हुने दुई दिने मेलामा विभिन्न खालका सेवाप्रदायक ३९ वटा बुथ (स्टल)हरू राखिएका छन् ।

## लुम्बिनीमा तयारी पूरा

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले लुम्बिनी प्रदेशमा यही जेठ २३ र २४ गते सञ्चालन हुने 'श्रमाधान रोजगार मेला'को तयारी पूरा भएको जनाएको छ । बुटवलस्थित बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (बिआइसिसी)मा हुने मेलाको उद्घाटन श्रममन्त्री अर्यालले गर्ने कार्यक्रम रहेको छ ।

पत्रकार सम्मेलनमा लुम्बिनी प्रदेशमा हुन लागेको श्रमाधान रोजगार मेला, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उद्योग पर्यटन तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेश, नेपाल उद्योग परिसंघ, बुटवल उपमहानगरपालिकाको संयुक्त आयोजनामा हुन लागेको हो ।

सोमबार बुटवल उपमहानगर पालिकामा आयोजित पत्रकार सम्मेलनमार्फत मेलाको बारेमा जानकारी दिँदै लुम्बिनी प्रदेशमा हुन लागेको श्रमाधान रोजगार मेला तयारी पूरा भएको मेला संयोजक एवं उपसचिव लोकनाथ भुसालले जानकारी दिए । उनले प्रदेशमा हुने मेलाले नेपालको रोजगारी परिदृश्यको विशेष आवश्यकतालाई सम्बोधन गर्न रणनीतिरूपमा डिजाइन गरिएको बताए ।

मेलाबाट रोजगारी सिर्जना, युवा सशक्तीकरण र दिगो आर्थिक वृद्धिका लागि सार्वजनिक-निजी साझेदारीलाई बढावा दिन सहयोग पुग्ने बताइएको छ । मेलामा विभिन्न सरकारी निकाय र निजी क्षेत्रका सेवाप्रदायक ४१ वटा स्टल राखिने भएको छ ।




पृष्ठ १ बाट क्रमशः

## गठबन्धनमा खटपट...

जनमतबाट त्यहाँ संसदीय दलका नेता महेशप्रसाद यादवले मुख्यमन्त्रीमा दाबी पेस गर्ने तयारी गरेका छन्। तर, गठबन्धनकै एउटा दल एकीकृत समाजवादीले मधेस सरकार गठनका लागि समर्थन नजनाउँदा अझैसम्म मुख्यमन्त्रीको दाबी पेस गर्न नपाएको हो। यसले गर्दा प्रधानमन्त्री दाहाल थप दबाबमा परेका छन्। उनले सोमबार एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई पनि बोलाएर संवाद गरेका छन्। नेपालले आइतबार प्रधानमन्त्री दाहालसँगकै सल्लाहमा विपक्षी दल कांग्रेसका सभापति शेरबहादुर देउवाले बोलाएको विपक्षी दलहरूको बैठकमा सहभागी हुन देउवानिवास बूढानीलकण्ठ गएको प्रस्टीकरण दिएका थिए। उनी गत बुधबार बूढानीलकण्ठ गएका थिए। नेपालको यस्तो जवाफपछि ओलीले भने प्रधानमन्त्री दाहालप्रति शंका गर्न थालेको पनि बताइएको छ। यहीबीच सोमबार दाहालले ओली र नेपालसँग भेटवार्ता गरे। कांग्रेस सभापति देउवासँग पनि दाहालले छलफल गरेका थिए। शीर्ष नेतृत्व तहमा देखिएको बढ्दो अविश्वासबीच गठबन्धन धरापमा पर्दै गएको टिप्पणीहरू भइरहेका छन्।

यद्यपि, बाहिर चलेको हल्लाजस्तो सत्ता गठबन्धनमा नभएको एमाले प्रमुख सचेतक महेश बर्तौलाले दाबी गरे। उनले बजेटबारे सुझाव राखेकै भरमा गठबन्धनमा खटपट भयो भनेर नबुझ्न पनि आग्रह गरे।

'व्यावहारिक रूपमा यो बजेट बोकेर हिँड्छौं। त्यसैले छलफलको प्रक्रियामा हामी मान्यज्यूलाई आफ्ना कुरा राख्ने कुरामा बिर्को लगाउनूस् भन्दैनौं, खुला ढंगले गर्नूस्,' उनले भने, 'यही सुझाव राखेकै कारणले गर्दा बाहिर सत्तारुढ दलहरूको बीचमा विशेष एमाले र माओवादीकै बीचमा खटपट सुरु भएको भन्ने होइन।'

उसो त प्रतिनिधिसभामा नेकपा माओवादीका प्रमुख सचेतक रहेका हितराज पाण्डेले पनि बर्तौलाले जसरी सत्ता गठबन्धनमा खटपट देखिएको भन्ने हल्लामात्र रहेको दाबी गरे। उनले भने, 'बजेटमा व्यक्त भएको हाम्रो साझेदार सबैभन्दा ठूलो दलको कुरालाई लिएर कतिले त्यस्तो अड्कल काटेका होलान्। तर, आइतबार सदनमा उहाँहरूले एक मतले बजेटको समर्थनमा बोलेपछि त्यो तथ्यले नै त्यस्ता हल्लाहरूलाई काटिहाल्यो।'

उनले बाहिर आएका हल्ला र टीकाटिप्पणीजस्तो गठबन्धन दलहरूबीच कुनै मतभेद नरहेको दाबी गरे। माधव नेपाल विपक्षी दलहरूको बैठकमा गएपछिको कुरा सुनाउँदै उनले भने, 'हाम्रा माननीयज्यूहरूले पनि प्रधानमन्त्रीज्यूलाई केही दिनअघि यस्तो हल्लाबारे सोध्नुभएको थियो। प्रधानमन्त्रीज्यूले मैले नै भनेर उहाँ जानुभएको हो। म आफैं पनि त शेरबहादुरजीलाई भेट्न गएको थिएँ भन्नुभयो। त्यस्तो हल्लाको कुनै अर्थ छैन भन्ने उहाँको कुरा थियो।'

अहिले गठबन्धनकै मुख्य दल एमालेका कारण सुदूरपश्चिम प्रदेश सरकार अपूर्ण बनेको छ। एकीकृत समाजवादी नेतृत्वको सुदूरपश्चिम सरकारमा एमालेले मन्त्री पठाएकै छैन। बदलामा एकीकृत समाजवादीले मधेस सरकारमा समर्थन जनाइसकेको छैन। सोमबार मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारलाई दिएको समर्थन भने फिर्ता लिएको छ। अर्कातिर एमाले अध्यक्ष ओलीले सत्तारुढ गठबन्धनमै रहेको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट शिक्षामन्त्री भएकी सुमना श्रेष्ठप्रति कडा टिप्पणी गरेका छन्।

उनले आइतबार विदेशी नागरिकसँग विवाह गरेर माइती देश नेपाल आउँदा समानुपातिक सांसद हुँदै सुमना मन्त्री भएको भन्दै कटाक्ष गरेका थिए। यी दृष्टान्तहरूले गठबन्धनमा खटपट हुन थालेको प्रस्ट संकेत गर्छ।

■■■

## बालेन-एमाले...

अनि आज योङ जेनेरेसनले त्यो कुरा भन्न सक्नुपर्दैन? उनीहरूको एउटा मण्डली हुन्छ, त्यसले वा जन्मिएछ एउटा बहादुर क्याबात् लेख्छ। अनि अरू चुप लागेर बस्छन्, झोक्राएर बस्छन्। यो त सभ्य तरिका भएन भनेर सत्य कुरा भन्न सकिँदैन? यो एउटा महत्त्वपूर्ण पदमा बसेको मान्छेले गर्न मिल्ने व्यवहार होइन। त्यति पनि भन्न सकिँदैन?,' ओलीले भने।

महानगर प्रमुख बालेन पनि के कम? सोमबार बिहान एकाएक एमालेमाथि खनिए। सामाजिक सञ्जाल फेसबुकमार्फत बालेनले एमाले अध्यक्ष ओलीलाई भनेका छन्, '१० हजार करोडको काण्ड लुकाउन अर्को काण्ड गरेर जनता नझुक्याउनुहोला माननीय केपी ओलीज्यू। झापा गिरिबन्धुमा बैना लिनेहरूलाई 'दुई वर्षभित्र गिरिबन्धुकै जग्गा दिलाउँछौं' भनेर थम्थमाउनु भएछ। गिरिबन्धु चिया बगानको जग्गामा गर्न खोजेको नीतिगत घोटलामा तपाईंको सहभागिताको इतिहास हेर्दा त्यहाँ तपाईंलाई नभनी पात पनि हल्लन्छ भन्ने लाग्दैन।'

उनले यस्तो लेख्दै गर्दा सडक विभाग न्युरोडमा बालेनले काटेको सडक टाल्न पुगिसकेको थियो। त्यहाँ बालेनले नगर प्रहरी पनि पठाएका थिए भने यता सामाजिक सञ्जालबाट ओलीमाथि रोषसमेत पोखे। सडक विवाद र नगर प्रहरीबीच केहीबेर त्यहाँ विवादसमेत भएको थियो। यद्यपि त्यहाँ काटिएको सडक विभागले टालिछाड्यो।

'यही १० हजार करोडको काण्ड लुकाउन र जनतालाई भुलाउन राज्यको सम्पूर्ण शक्ति लगाएर न्युरोडमा हामीले बनाउन लागेको फुटपाथ फेरि सडक बनाउन थाल्नुभएछ,' बालेनले थप लेखेका छन्, 'अब बल्ल देश बन्ने भएछ। आफ्ना कर्तुत लुकाउन र विषयान्तर गरे पनि काम हुनु राम्रो हो। तपाईंको शक्तिले अब रिङरोड बनाउनु, बुटवल-चितवन बाटो बनाउनु, यस्ता धेरै आयोजनामा लगाउनुहोला। हामी साथमा छौं। अनि समयमै गिरिबन्धुमा पीडितको बैना फिर्ता गर्नुहोला। नत्र कोही साँच्चैको नयाँ आउला र फाइल पल्टाउला। हुन त, पहिले पनि जेल बस्नुभएको हो।'

गिरिबन्धुको मुद्दा चर्किएपछि प्रधानमन्त्री पुष्पकमल दाहालसँग भेटेर फर्किने क्रममा ओलीलाई सञ्चारकर्मीले यसबारे प्रश्न गरेका थिए। आक्रोशित हुँदै यसबारे ओलीले भने- बालेनलाई सोध्नू।

यस विषयमा प्रधानमन्त्री दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवासँगको भेटमासमेत ओलीले आक्रोश पोखेको बताइएको छ। ओलीले बालेनलाई पक्रनुपर्ने सुझावसमेत दिएको प्रधानमन्त्री कार्यालय स्रोतको दाबी छ। यद्यपि यस विषयमा प्रधानमन्त्री दाहालले कुनै प्रतिक्रिया नदिएको बताइएको छ।

■■■

## बालेनलाई कांग्रेसको...

उक्त निर्णयलाई नीतिगत भ्रष्टाचार भन्दै अधिवक्ता ओमप्रकाश अर्यालले सर्वोच्चमा रिट दायर गरेका थिए। अर्याल महानगर प्रमुख बालेनका कानुनी सल्लाहकारसमेत हुन्। झापाको विर्तामोडस्थित गिरिबन्धु टी-स्टेटको जग्गा प्रकरणमा भएको नीतिगत भ्रष्टाचारबारे वैशाख ३० मा सर्वोच्च अदालतको फैसलाको पूर्णपाठ सार्वजनिक गरेको थियो।

सर्वोच्चले गत माघ २४ मा ओली सरकारको निर्णयलाई गैरकानुनी भन्दै बदर गरेको थियो। गिरिबन्धुको जग्गा यसअघि नै व्यक्तिका नाममा लैजाने गरी भएका निर्णय पनि बदर गर्दै अदालतले सरकारका नाममा कायम गर्न परमादेश जारी गरेको छ।

सर्वोच्चको फैसला लगत्तै गत वैशाख ३० मै सामाजिक सञ्जालमार्फत महानगर प्रमुख साहले तत्कालीन प्रधानमन्त्री ओलीलाई कारबाहीको भागिदार बनाउनुपर्ने बताएका थिए। सर्वोच्चको फैसलापछि उनले लेखेका थिए, 'अब तत्कालीन सरकारलाई कारबाहीको भागिदार बनाउनुपर्छ, यो सरकारले। जस-जसले बैना गर्नुभएको छ यो जग्गाका लागि, अब कानुनी प्रक्रियाबाट बैना फिर्तामा जानुहोला। तपाईंहरूको जग्गा प्राप्तिको बाटो सकिएको छ।'

गिरिबन्धु टी-स्टेटमा दोषीलाई कारबाही हुनुपर्ने भन्दै कांग्रेस सांसद चन्द्र भण्डारीले बालेनलाई काम गर्न दिनुपर्ने बताएका छन्। 'गिरिबन्धु कसले गर्‍यो यो अनुसन्धानको विषय हो, गलत गर्नेलाई कारबाही गर्नुपर्छ,' भण्डारीले भने, 'बालेनलाई काम गर्न दिनुपर्छ। नयाँ जेनेरेसन, जो केही गरौं भन्ने हुटहुटी छ। आफूले पनि केही नगर्ने। नयाँ जेनेरेसनले काम गर्छु भन्छ भने निरुत्साहित गर्नुहुन्न।'

जेठ १३ गतेको विरोध प्रदर्शनमा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले गिरिबन्धुको विषयलाई जबरजस्त ढंगले उठाएका थिए। महामन्त्री शर्माले एमाले नेतृत्व जोडिएको गिरिबन्धु टी-स्टेट र रास्वपा नेतृत्व जोडिएको सहकारी ठगी प्रकरणमा एक-अर्कालाई जोगाउन मिलिभगत भएको आरोप लगाउँदै सहकारी-बन्धु गठबन्धनका उपनाम दिएका थिए। एमाले उपाध्यक्ष विष्णु पौडेलले शर्माको अभिव्यक्तिप्रति आपत्ति जनाउँदै कांग्रेसले लिखित माफी माग्नुपर्ने बताएका थिए।

ओलीले भने जेठ २ गते एमाले संसदीय दलको बैठकमा गिरिबन्धु टी-स्टेटको जग्गा कांग्रेस सरकारको पालामा दुईपटक गरेर ७० बिघा बेचिएको दाबी गरेका थिए। 'जहाँसम्म गिरिबन्धु टी-स्टेटको कुरा छ, कांग्रेसले एकपल्ट ५१ बिघा र अर्को पटक १९ बिघा जमिन सट्टापट्टा गर्ने नाममा कमिसन खाएर बिक्री गर्न दिएको हो,' ओलीले भनेका थिए।

ओलीले उद्धृत गरेको ५१ बिघा जग्गाको अपचलनको योजना एमालेका तत्कालीन अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा सरकारकै पालामा २०५२ सालमा भएको थियो। तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापा प्रधानमन्त्री र भूमिसुधारमन्त्रीसमेत रहेका बेला २०६० असार १६ मा नाज टी-स्टेटको जग्गा बिक्री गर्न स्वीकृत प्रदान गरिएको थियो। ५१ बिघा जग्गाको हक हस्तान्तरण र सट्टापट्टापछि बिक्रीको निर्णय हुँदा कांग्रेस सरकारमा थिएन।

त्यस्तै १९ बिघा जग्गाको साटफेर २०३३ (पञ्चायतकाल) मा भएको अदालती दस्तावेजबाट देखिन्छ। उक्त तथ्यमा टेकेर जेठ ३ मा कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीनिकट प्रजातान्त्रिक विचार समाजको कार्यक्रममा ओलीको अभिव्यक्तिको खण्डन गरेका थिए। 'ओलीजीले अदालतले फैसला गरेपछि गिरिबन्धु टी-स्टेटको निर्णय कांग्रेसको पालामा भएको भनेको बाहिर आएको छ। आफू निर्णय गर्नुहुन्छ, कांग्रेसलाई दोष लाउनुहुन्छ। आफूले गरेको कुरा गरेको हो भन्न के आपत्ति छ?,' देउवाले भनेका थिए।

# युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : NOOR AL YEMEN AIR CONDITION CONT. CO. L.L.C**

पूर्व स्वीकृति मिति २०८१/०२/२१ | LT. No. 305736 | चलानी नं. ६०२२०४७३

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब (AED) | मासिक तलब (ने.रू.) | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 65 | 0 | 900 | ३२,५७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १६८४/०८०/८१

**PARADISE HUMAN RESORCE PVT. LTD**

KMC-9, Jamuna Galli, Kathmandu, Tel: 01-5921521, 5921522, Email: paradisehuman123@gmail.com, info@paradisehumanresource.com.np, Web: www.paradisehumanresource.com.np

# युएइमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : JABAL AL JAIS AL AALI PAINTS CONT**

पूर्व स्वीकृति मिति २०८१/०२/१७ | LT. No. 305683 | चलानी नं. ६०२२०४७१

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब (SR) | मासिक तलब (ने.रू.) | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PAINTER | 10 | 0 | 1200 | ४३,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | painter assistanat | 10 | 0 | 900 | ३२५७३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Mobhira Overseas Service Pvt. Ltd.**

P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६८/०७/०१ मा दर्ता भएको प्रा.लि. नं. ८७१४३/०६८/०६९ को नेक्स्ट स्टेप फिटनेश एण्ड ट्रेनिङ्ग प्रा.लि. को मिति २०८१/०२/०७ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ। अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ।

लिक्विडेटरः जगदिश बम, इजाजतपत्र नं. ५५७
फोन नं. ९८५१००४४१४, ठेगानाः का.म.न.पा. वडा नं. २९

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०६/१८ मा दर्ता भएको प्रा.लि. नं. २००२८५/०७५/०७६ को कर्णाली स्याण्ड एग्रिगेट एण्ड कंक्रीट प्रा.लि. को मिति २०८१/०२/०६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय काठमाडौं २९, मा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ। अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ।

लिक्विडेटरः इन्द्रमणी अधिकारी, इजाजतपत्र नं. ५६१
फोन नं. ९८५१०७००४३, ठेगानाः का.म.न.पा. वडा नं. २९

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०२/२२ गते)

टिका प्रसाद दाहालकी नातिनी, प्रभुनाथ दाहालकी छोरी, मोरङ्ग जिल्ला, रंगेली न.पा. वडा नं. ०३ बस्ने पवित्रा ढकालको मिति २०८०/११/२४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको, रंगेली शाखामा रहेको पवित्रा ढकालको खाता नं.२८००२१३७२६६००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमानले बैंकको रंगेली शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय रंगेलीमा हकदावी गर्न आउनुहोला। म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं।

कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED सबैका लागि, सबैका लागि
शाखा कार्यालय रंगेली फोन नं. ०२१-५८००१०/१२

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०२/२२ गते)

दत्ते सार्कीको नाति, जोगी सार्कीको छोरा, डिकरी देवी सार्कीको पति कञ्चनपुर जिल्ला, शुक्लाफाँटा न.पा वडा नं ०२, गुल्लरपट्टी बस्ने परुवा सार्कीको मिति २०८०/१२/२२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको झलारी शाखामा रहेको बचत खाता नं.०५७००३२९२९२००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पत्नी डिकरी देवी सार्कीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय झलारीमा हकदावी गर्न आउनुहोला। म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनामार्फत् जानकारी गराउँदछौं।

कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED सबैका लागि, सबैका लागि
शाखा कार्यालय झलारी फोन न. ०९९-५४०१७१

# तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ।

1. Business Development Manager (International)-1 (F)
2. Receptionist-1 (F)
3. Admin Secretary- 1 (F)

**Qualification: For Develpment Manager:** must have minimum experience of abroad marketing, business develpment & promotion for atleast of 2 to 4 years, **bachelor degree in Marketing,** सम्बन्धित क्षेत्रमा २ देखि ४ वर्षको अनुभवी, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ।

**तलबः आपसी समझदारीमा**

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : md@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथमटक प्रकाशित मितिः २०८१/०२/२२**

यस कम्पनीको मिति २०८१/०२/०८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ग्राण्डस्वीट एच.आर. सर्भिश प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **एच. के. ईम्प्लोईमेन्ट सर्भिसेज प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०२/१६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एच. के. ईम्प्लोईमेन्ट सर्भिसेज प्रा.लि.** (प्रा.लि.नं. ३३५४६८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

## नमुना बचत तथा ऋण सहकारी संस्था लि.

बौद्ध-०६, महाँकाल, काठमाडौं, फोन नं. ०१-५९१८२५१

### कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०२/२२ गते प्रभाव राष्ट्रिय दैनिक)

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जाको यस संस्थासँग कर्जा लिदा गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्न बुझाउनका लागि निजलाई पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा र संस्थाका प्रतिनिधिसँग कर्जा चुक्ता गर्ने सम्बन्धमा भएका छलफल अनुसार पनि संस्थाको लेना रकम भुक्तान गर्ने मनसाय समेत नदेखिएकोले यो कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा उपस्थित भई संस्थालाई बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम (साँवा ब्याज, र अन्य दै दस्तुर समेत) चुक्ता भुक्तान गर्नुहोला। अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र संस्थाको वित्तिय तथा ऋण व्यवस्थापन निति २०७७ साथै प्रचलित कानुन बमोजिम बक्यौता कर्जाको रकम असुल उपर गरिने व्यहोरा ऋणी, व्यतिगत धन जमानी कर्ता तथा सम्वन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिल

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| ऋणीको नाम :- सूर्य दास<br>हजुरबुवा :- धन बहादुर दास<br>बुवा :- लाल बहादुर दास<br>नागरिकता नं.- ०४३००१/६५<br>ठेगाना- सुरुंगा - ०४, झापा<br>जारी जिल्ला - झापा | नाम :- दल बहादुर कटुवाल<br>बुवा :- हर्कबहादुर कटुवाल<br>नागरिकता नं.-५७४<br>ठेगाना- च्यानम गा.वि.स. वडा न. ३<br>जारी जिल्ला - ओखलढुगा |
| ऋणीको नाम :- लीला माया मगर<br>पति :- बेद बहादुर मगर<br>बुवा :- श्री प्रसाद राई<br>नागरिकता नं.- ५३२०२/२५५१<br>ठेगाना- इनामे -०१ उदयपुर<br>जारी जिल्ला - उदयपुर | नाम :- सविता गुरुङ्ग<br>बुवाको नाम :- खिलेन्द्र बहादुर गुरुङ्ग<br>हजुरबुवाको नाम :- इन्द्र बहादुर गुरुङ्ग<br>नागरिकता नं.-<br>ठेगाना- का.म.न.पा- ०७<br>जिल्ला -काठमाडौं |
| ऋणीको नाम :- विर वहादुर घलान<br>बुवाको नाम :- कृष्ण बहादुर घलान<br>हजुरबुवाको नाम : - चन्द्रमान घलान<br>नागरिकता नं.- २७३०२८/१४६<br>ठेगाना- लप्सीफेद-०३<br>जारी जिल्ला - काठमाडौं | नाम :- सोम बहादुर थिङ<br>बुवाको नाम :- रत्न थिङ<br>हजुरबुवाको नाम : चन्द्र बहादुर थिङ<br>नागरिकता नं.-२७<br>ठेगाना- लप्सीफेद- ०७<br>जारी जिल्ला - काठमाडौं |
| ऋणीको नाम :- सिंह राज विश्वकर्मा<br>हजुरबुवाको नाम :-गुन्ज मान विश्वकर्मा<br>बाबुको नाम :- राम प्रसाद विश्वकर्मा<br>नागरिकता नं.- ८४६/१६२७०<br>ठेगाना- कुरुम्वा गा. वि. स. ७<br>जारी जिल्ला - पाँचथर | नाम :- दिपा विश्वकर्मा<br>पतिको नाम :- सिंह राज विश्वकर्मा<br>ससुराबुवाको नाम :-राम प्रसाद विश्वकर्मा<br>ठेगाना- कुरुम्वा गा. वि. स. ७<br>जिल्ला - पाँचथर |

# मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

महादेवस्थान, काभ्रे
बागमती प्रदेश, नेपाल।
फोन न. ०११४१२११४

## क्याटलग सपिङ्गको माध्यम मार्फत सवारी साधन खरिद सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८०।१०।२२)

यस नगरपालिकाको लागि आवश्यक देहाय ब्मोजिम सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) बमोजिम क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकोले मौजुदा सूचि तयार गर्ने प्रयोजनको लागि इच्छुक कम्पनी वा त्यसको अधिकृत/आधिकारिक बिक्रेताहरुलाई मिति २०८१।०२।२८ गते दिनको १७:०० बजे भित्र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा बोसर) संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव यस कार्यालयमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. देहाय बमोजिमका सवारी साधनः

| क्र.सं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | Single Cab Pickup, 4WD | Single cab Pickup Right Hand Drive Model With 4WD,Gross Weight not less than 2600 kg,Seating Capacity at least 2 persons including driver, Water Cooled Diesel Engine,Engine Capacity Minimum 2500 CC.Power Output not less than 60 Hp and Torque not less than 185 N-m at rated RPM. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत, Technical Specification बमोजिम हुनेछ। Technical Specification को लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ। |

२. प्रस्ताव पेश गर्न इच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताले प्रस्ताव साथ उक्त सवारी साधन बिक्री गर्न सम्बन्धित निकायबाट प्राप्त भएको अनुमती पत्र, सो को अद्यावधिक नविकरण पत्र, स्थायी लेखा नम्बर (Pan) तथा मूल्य अभिवृद्धि करदत प्रमाणपत्र, आ.व. २०७९/८० सम्मको करचुक्ता प्रमाणपत्र, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात पेश गर्नुपर्नेछ।
३. मिति २०८१।०२।२८ गते दिनको १७:०० बजेसम्म यस कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिनेछ। दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोहि दिन खोलिनेछ।
४. पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ।
५. यस कार्यालयबाट स्विकृत सवारी साधनको विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालय वा यस कार्यालयको वेबसाइट https://mandandeupurmun.gov.np/ बाट प्राप्त गर्न सकिनेछ।

# कोशी सरकारको नीति तथा कार्यक्रम सार्वजनिक

■ प्रभाव संवाददाता

**विराटनगर-** कोशी प्रदेश सरकारले सोमबार आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङले प्रदेशसभा नियमावली, २०७४ को नियम ६ को उपनियम ३ बमोजिम नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन् ।

नीति तथा कार्यक्रममा प्रदेशका प्राकृतिक तथा मानवीय स्रोतको अध्ययन, अनुसन्धान तथा उपयोगसम्बन्धी नीति लिइने, योजना, बजेट तथा कार्यक्रमलाई प्रदेशको आवश्यकता तथा राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोगी बनाउन प्रदेशस्तरीय योजना, बजेट तथा कार्यक्रम आवश्यक परिमार्जनसहित कार्यान्वयन गरिने उल्लेख छ। नीति तथा कार्यक्रममा प्लास्टिकको प्रयोगलाई न्यूनीकरण र हरियाली प्रवर्द्धन गर्ने, पहाडी क्षेत्रका पानीका मूलको संरक्षण र सम्वर्द्धन गरिने, कोशी प्रदेशलाई धानको बीउ स्रोतको रूपमा विकास गर्ने र माटो तथा मल परीक्षण घुम्ती शिविर सञ्चालन गर्ने उल्लेख छ ।

रैथाने बालीको पहिचान गरी क्षेत्र विस्तारमा जोड दिने, उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिने, बाली तथा पशुपक्षी बिमालाई प्रवर्द्धन गरिने, अदुवा, अलैंचीजस्ता उच्च मूल्य भएका वस्तुको प्रशोधन केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने र पशुनश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिने प्रदेश प्रमुख खापुङद्वारा प्रस्तुत नीति तथा कार्यक्रममा उल्लेख छ ।

वर्षाको पानी भरण गरी दिगो सिँचाइ सेवा पुऱ्याएर उत्पादन उत्पादकत्व बढाउने, पहाडमा लिफ्टबाट सिँचाइ पुऱ्याउने, तराईमा सतह र भूमिगत सिँचाइ प्रणालीको विकास र विस्तार गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ । कर्मचारी सरूवा तथा पदस्थापनसम्बन्धी मापदण्ड बनाएर कार्यान्वयन गर्ने, स्थानीय कच्चापदार्थमा आधारित उद्योग खोल्न प्रोत्साहन गर्ने, प्रदेश सार्वजनिक खरिद नियमावलीलाई आवश्यक सुधार गर्ने, मितव्ययिता नीति अवलम्बन गर्ने, अपराध नियन्त्रण गर्न सूचना प्रणालीको विकास गर्ने नीति तथा कार्यक्रममा छ ।

प्रदेश तथ्यांक, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापनसम्बन्धी कानुन तर्जुमा गरिने, बचतलाई प्रवर्द्धन गर्दै उत्पादनमूलक क्षेत्रमा वित्तीय क्षेत्रका नियामक निकायहरूको समन्वय र सहकार्यमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने, बेरुजु न्यूनीकरण तथा फर्स्योटसम्बन्धी कार्यविधि, २०८० को प्रभावकारी कार्यान्वयन गर्दै आर्थिक अनुशासन कायम गर्ने र प्रदेशको दोस्रो अवधि योजनाले लिने सोच, लक्ष्य एवं उद्देश्य हासिल गर्न योगदान पुऱ्याउनेगरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेजस्ता १३५ बुँदा नीति तथा कार्यक्रममा राखिएको छ ।

# अमूर्त सांस्कृतिक सम्पदासम्बन्धी पहिलो प्रतिवेदन राष्ट्रसंघमा पेस गरिने

**काठमाडौं-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पहिलोपटक अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धिको आवधिक प्रतिवेदन पेस गर्ने तयारी सुरु गरेको छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् २००३ अक्टोबर १७ मा यो महासन्धि पारित गरेको थियो । सन् २००६ देखि कार्यान्वयनमा आएको महासन्धिलाई नेपालले भने सन् २०१० मा अनुमोदन गरेको थियो ।

अनुमोदन गरेको छ वर्षपछि प्रतिवेदन पेस गर्नुपर्ने नियमानुसार तयारी गरिरहेका बेला संयुक्त राष्ट्रसंघले यससम्बन्धी निर्देशिका परिवर्तन गरेको थियो । निर्देशिका परिवर्तन गरेको छ वर्षपछि प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्थाबमोजिम यो वर्ष मन्त्रालयले प्रतिवेदन पेस गर्न लागेको मन्त्रालयको संस्कृति महाशाखा प्रमुख डा. सुरेश श्रेष्ठले जानकारी दिए ।

प्रतिवेदन तयारी गर्न मन्त्रालयले राजधानीमा आइतबारदेखि तीन दिने राष्ट्रिय परामर्श गोष्ठी आयोजना गरेको छ । गोष्ठीमा अमूर्त सांस्कृतिक सम्पदाका क्षेत्रमा काम गर्ने सरकारी एवं गैरसरकारी क्षेत्रका प्रतिनिधि र विज्ञ गरी तीन दर्जनको सहभागिता रहेको मन्त्रालयका पुरातत्त्व अधिकृत भीष्म बास्कोटाले बताए । प्रतिवेदन यही जुन १५ देखि संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)मा पेस गर्न प्रारम्भ गरिने उनले सुनाए । आगामी डिसेम्बर १५ सम्म नेपालले अमूर्त सांस्कृतिक सम्पदा क्षेत्रमा भए गरेका कामको विवरण युनेस्कोमा पेस गरिसक्ने जनाइएको छ ।

युनेस्कोमा प्रतिवेदन पेस गरेसँगै नेपालका अमूर्त सांस्कृतिक सम्पदाको विवरण सूचीकरण पनि सुरु गरिने मन्त्रालयले जनाएको छ । नेपाल मूर्त, अमूर्त मौलिक सांस्कृतिक सम्पदामा धनी भए पनि अझैसम्म त्यसको सूचीकरण हुन सकेको छैन । अब सरकारले प्राथमिकताका साथ सूचीकरण गर्ने पनि जनाएको छ । *रासस*

## कर्जा चुक्ता गर्न आउने १५ दिने सार्वजनिक सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८१/०२/२२)**

यस प्रवाह बहुउद्देश्यीय सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखित ऋणीले व्यापारिक प्रयोजनको लागि लिएको कर्जाको साँवा, व्याज यस सहकारीसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले संस्थाबाट पटक पटक लिखित तथा मौखिक रूपमा कर्जा चुक्ता गर्न ताकेता गर्दा समेत बेवास्ता गरी कर्जा चुक्ता गर्न कुनै चासो नदेखाएकोले तपाई ऋणीको नाममा राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०/११/२४ गते कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना प्रकाशित गरि ताकेता गर्दा समेत ऋण तिर्न तर्फ कुनै चासो नदेखाएको हुनाले यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थाको कार्यालयमा सम्पर्क राखी बुझाउनु पर्ने सम्पूर्ण साँवा व्याज र अन्य दैदस्तुर समेत चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणीलाई जानकारी गराईन्छ। अन्यथा सहकारी संस्थाको विनियम ऋण लगानी तथा असुली नियमावली संसोधित सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो लिलामी बिक्री प्रक्रियाबाट कर्जाको सम्पूर्ण रकम तथा असुली कारवाहीको सिलसिलामा उक्त कार्यविधि अनुसार भएको सम्पूर्ण खर्च समेत धितो लिलामी बिक्रीबाट असुली गरिनेछ। धितो लिलाम बिक्रीबाट कर्जा असुली नभए ऋणीको अन्य घरघराना र चलअचल श्रीसम्पत्तिबाट असुलउपर गरिने जानकारी समेत सम्बन्धित पक्षलाई यसै सूचनाबाट जानकारी गरिन्छ।

**तपसिल**

| ऋणीको विवरण | धितो विवरण |
|---|---|
| **नाम** : राजेश महर्जन<br>**बुवा** : मचाग महर्जन<br>**बाजे** : ज्ञानमान महर्जन  | ऋणीको नाममा कलंकी मालपोत कार्यालयमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला च.न.पा.वडा नं.६ साविक थानकोट महादेवस्थान गा.वि.स.वडा नं ५ स्थित कित्ता नं १०६८, क्षेत्रफल ८७.४३ वर्ग मि.को घर जग्गा र सो ले चर्चेको लिग लगापात समेत। |

**प्रवाह बहुउद्देश्यीय सहकारी संस्था लि.**
चागल-१५ , काठमाडौं


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ABAAD ALKHAMSA FACILITY MANAGEMENT SERVICES

पूर्व स्वीकृति मिति २०८०/०९/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२१ | LT. No. 297315 | चलानी नं. ६०२१२३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 80 | 0 | 800 | २९,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
श्रम इजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : K N E CO. LTD

पूर्व स्वीकृति मिति २०८१/०२/२१ | LT. No. 305696 | चलानी नं. ६०२२०४७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator | 35 | 45 | 16575 | ४७,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, Mobile: 9861045857, 9809732474
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com
License No. : 832/066/67



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PINNACLE GROUP COMPANY

पूर्व स्वीकृति मिति २०७९/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२० | LT. No. 269026 | चलानी नं. ६०१८५७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista/Waiter | 30 | 30 | 180 | ७८,४६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 10 | 10 | 160 | ६९,७४५ | | | | | | | |
| 3 | Steward/Cleaner | 30 | 10 | 140 | ६१,०२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्क: नि:शुल्क/-

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**VISION & VALUE OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com


## कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडको

**केन्द्रीय कार्यालय: कुमारी सहकारी भवन, कुमारी चोक, चावहिल काठमाडौं**
फोन नं.४५७८००६, ४५६५१०२
सदस्य सेवा केन्द्रहरू : कालिमाटी : ५३८२५२४, ५३८२५१४ । ठमेल : ४५१२८४२ ।
साँखु : ४५५१८७३, माछा पोखरी : ४३८३६८९ ।

## धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०२/२२ गते मंगलबार**

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. बाट तपसिलमा उल्लेखित ऋणिहरूले प्राप्त गरेको ऋण कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नबुझाउनु पर्ने साँवा, ब्याज हर्जाना लगाएत अन्य दैदस्तुर आदि नतिरी नबुझाई सहकारीसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रूपमा सूचना गरी तरताकेता गरेको र सो गर्दा समेत सहकारीको कर्जा चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा मिति २०८१ साल बैशाख १३ गतेको राष्ट्रिय दैनिक पत्रिका "**प्रभाव दैनिक**" मा ३५ दिने सूचना प्रकाशित गरी सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायत अन्य दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत **कर्जा चुक्ता गर्न कुनै चासो तथा पहल नदेखाएको हुँदा आज मिति ०८१ साल जेष्ठ महिनाको २२ गते मंगलबार प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक लिलामी सूचना प्रकाशित भएकोले धितो सुरक्षणमा रहेको तपसिलमा लेखिएको अचल सम्पत्ति जग्गा तथा अन्य निर्माण कार्यहरू लगायतका सम्पूर्ण लिगलगापातहरू जे जस्तो अवस्थामा छ सोहि अवस्थामा मिति ०८१ असार २५ गते मंगलवारका दिन "लिलाम बिक्री गर्ने बारे ३५ दिने सूचना" प्रकाशित गरिएको छ।** उक्त म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणार्थमा लेखिदिएको, कुनै किसिमको कानुनी झै झमेला नभएको, यस संस्थामा धितो सुरक्षणवापत रहेको अचल सम्पत्ति जग्गा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा यस सहकारीको कर्जा लगानी तथा असुली निति २०६२ ले दिएको अधिकार प्रयोगगरी नियम बमोजिम सहकारी आफैले लिलाम बिक्री गर्ने भएकोले लिलाममा गोप्य सिलबन्दी लिलाम बढाबढ गरी लिन इच्छुक महानुभाव हरूले यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिनभित्र तोकिएको समयानुसार यस सहकारीको कार्यालयमा उपस्थित भई आफूले सकार गरी लिन चाहेको मूल्यमा सिलबन्दी बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ।

**तपसिल**

| ऋणीको नाम ठेगाना (तीनपुस्ते) | ब्यक्तिगत जमानी/ धनजमानीको नाम ठेगाना | धितोको बिवरण |
|---|---|---|
| **मणि कुमार तिवारी** <br>बाजेको नाम :- सन्ते कामी<br>बुवाको नाम :- सोम बहादुर कामी<br>स्थायी ठेगाना :- जिल्ला सिन्धुपाल्चोक नवलपुर गा.पा. वडा नं. १, सिन्धुपाल्चोक<br>हालको ठेगाना :- गोकर्णेश्वर नपा, बडा नं.४, काठमाडौं | **जयन्ती तिवारी**<br>ससुराको नाम :- सोम बहादुर कामी<br>श्रीमानको नाम :-मणी कुमार तिवारी<br>बुवाको नाम :-जयन्त लाल श्रेष्ठ<br>स्थायी ठेगाना :- जिल्ला सिन्धुपाल्चोक नवलपुर गा.पा. वडा नं. १ सिन्धुपाल्चोक ।<br>हालको ठेगाना :- गोकर्णेश्वर नपा,बडा नं.४, काठमाडौं | काठमाडौं जिल्ला जोरपाटी गा.वि.स वडा नं. ४<br>नक्सा सिट नं. १०२१०२९०८<br>कित्ता नं. ८८ को क्षेत्रफल ८२१४८ ब.मि.क्षेत्रफलमा बनेको घर जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । |

**पुनश्च:-धितो बन्धक लेखिदिने लाई सूचना** :- उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादैभित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन पुन: अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलामका शर्तहरू बमोजिम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयं उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा सहकारी आफैले सकार गर्दा समेत साबिकमा सहकारीबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा सहकारी आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भएमा वा सहकारी आफैले सकार गरी लियो भनी कहिँ कतै कुनै उजुर बाजुर, दाबी बिरोध गर्न पाउनुहुने छैन। साथै तपाईहरूबाट सहकारीको कर्जा भुक्तान नगरी धितो सम्पत्ति अन्य कोहि कसैले सकार गरी लिएमा वा सहकारी आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मितिले ३० दिन भित्र उक्त सम्पत्ति खाली गरी सहकारीलाई हस्तान्तरण गर्न हुन समेत सुचित गरीएको छ। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुन: मूल्याङ्कन गरी वा नगरी सहकारी आफैंले सकार गर्दा समेत सहकारीको सम्पूर्ण लेना रकम असुलउपर नभै बाँकी रहेमा ऋणी तथा ब्यक्तिगत जमानी दिनेको अन्य श्रीसम्पत्तिबाट असुलउपर गरीने व्यहोरा समेत यसै सूचनाबाट थप जानकारी गराइएको छ।

**लिलामका शर्तहरू:**

१. सिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको मुख्य कार्यालय चावहिल, काठमाडौंबाट रु.५००/-(अक्षरूपी पाँच सय रूपैयामात्र) पछि फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिनेछ।
२. सिलबन्दी बोलपत्र मिति २०८१ साल असार २४ गते सोमबार दिनको ३:०० बजेभित्र मुख्य कार्यालय चावहिल, काठमाडौंमा दर्ता भै सक्नुपर्ने छ।
३. प्राप्त सिलबन्दी बोलपत्र २०८१ साल असार २५ गते मंगलबार दिनको ३:०० बजे मुख्य कार्यालय चावहिल, काठमाडौंमा बोलपत्रदाताहरू वा निजले लिखित रूपमा नियुक्तगरेको प्रतिनिधिहरू र अन्य पदाधिकारी हरूको रोहबरमा खोलिनेछ। बोलपत्र दाताहरू वा निजको प्रतिनिधी समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र पेशगर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोहि स्थान र समयमा उक्त कार्य हुनेछ।
४. बोलपत्र फारममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस संस्थाको वा संस्थाको नाममा जारी गरिएको Good For Payment गरिएको A/C Payee चेक वा बैंक भौचरको सक्कल प्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिनभित्र बाँकी रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दा लाग्ने सम्पूर्ण खर्च समेत सकार गर्ने व्यक्ति, फर्म, सँगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ। तोकिएको म्यादभित्र रकम जम्मा गरी आफ्नो नाममा सम्पत्ति नामसारी गरी नलिएमा धरौटि रकम फिर्ताहुने छैन।
५. बोलपत्र पेशगर्ने व्यक्तिको हकमा निजले नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म, संगठित संस्था वा कम्पनीले सञ्चालक समितिको निर्णयको प्रतिलिपी, इजाजत प्राप्त दर्ता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क. वा आय कर दर्ता प्रमाण पत्रको प्रतिलिपी आवेदन साथ पेश गर्नुपर्ने छ।
६. कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्ध हुनेछ।
७. लिलाम सम्पत्तिको निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र यस संस्थाको मुख्य कार्यालय कुमारी बिल्डिङ्ग चावहिल काठमाडौंमा सम्पर्क राखी सम्पत्ति निरीक्षण गर्न सकिनेछ।
८. सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा यस संस्थाको कर्जा लगानी तथा असुली निति २०६२ अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उक्त सम्पत्तिको स्वामित्व संस्था आफैमा लिन सक्ने छ।
९. कुनै कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
१०. अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति :- २०८१/०३/२४ गते सोमबार**
**लिलाम हुने मिति :- २०८१/०३/२५ गते मंगलबार**
**स्थान : संस्थाको मुख्य कार्यालय चावहिलमा**
**समय : दिउँसो ३.०० बजे**
**विस्तृत जानकारीको लागि :**
कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(चावहिल)-७, काठमाडौं।
फोन नं.: ०१-४५७८००६,४५६५१०२,४५६५१०४,४५६५२५६,४५६५२७४ मा सम्पर्क गर्नुहोला।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MICRO TRADING & CONTRACTING W.L.L

पूर्व स्वीकृति मिति २०८१/०२/२१ | LT. No.305705 | चलानी नं. ६०२२०४४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 1 | 0 | 1000 | ३६,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 1400 | ५१,३१५ | | | | | | | |
| 3 | Foreman | 2 | 0 | 2500 | ९१,६३० | | | | | | | |
| 4 | General Clean Worker | 0 | 2 | 1000 | ३६,६५० | | | | | | | |
| 5 | General Supervisior | 2 | 0 | 3000 | १०९,९५५ | | | | | | | |
| 6 | Labour | 1 | 0 | 1100 | ४०,३१५ | | | | | | | |
| 7 | Plaster Worker | 2 | 0 | 1100 | ४०,३१५ | | | | | | | |
| 8 | Receptionist | 0 | 5 | 1200 | ४३,९८० | | | | | | | |
| 9 | Supervisior | 1 | 0 | 2500 | ९१,६३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला : बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAMPAANATA OVERSEAS PVT. LTD.**
Govt. License 1579/079/080
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com,
info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELITE BRIGHT CLEANING SERVICES

पूर्व स्वीकृति मिति: २०८०/०१/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२१ | LT. No. 285785 | चलानी नं. ६०२०१३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Data Entry Clerk | 1 | 0 | 900 | ३२,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**IMPERIAL OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 816/065/066
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np


## सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृती आशयको सूचना

**(सूचना प्रकाशन मिति : २०८१/०२/२२)**

यस कार्यालयको मिति: २०८१/०१/१९ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सुचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रदाताका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीको लागि छनौट गरीने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजानार्थ सम्बन्धित सबैको जानकरीको लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

**तपसिल**

| बोलपत्रको विवरण | स्वीकृतका लागि छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर समेत) |
|---|---|---|
| SHM/MOR/NCB/G/29/2080/081, Procurement of Supply and Delivery of NP3 Humepipe, Sundarharaicha | Pathivara Concrete Industries Pvt. Ltd, Sundarharaicha 03,Morang | रु ३७४४९३.३० (भ्याट समेत) (रु तिन लाख चौरहत्तर हजार चार सय त्रियानब्बे पैसा तिस मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# द्वेषपूर्ण अभिव्यक्तिमा प्रतिस्पर्धा

मुलुकमा नेताहरूबीच विकासमा प्रतिस्पर्धा हुनुपर्ने हो। तर थरीथरीका नेताहरू अहिले एकापसमा द्वेषपूर्ण अभिव्यक्तिमा रमाउन थालेका छन् । दूरदराजमा सडक नपुगेर कयौं जनताले महँगो नुन खान बाध्य छन् । अस्पतालमा समयमा नआइपुग्दा कयौंको ज्यान गइरहेको छ। ती स्थानमा सामान्य स्वस्थ्यचौकी नहुँदा उपचारको अभावमा सहर आइपुग्दा थुप्रै रकम खर्चन बाध्य हुन्छन् जनता ।

जनताले पत्याएर निर्वाचित गरेर पठाएका नेताको चुनावी प्रतिबद्धता हुन्छ, म पैसा कमाउन आएको हैन, जनताको समस्याको हल गर्न आएको हुँ । तर, जितेपछि नेताहरू ठीक उल्टो काममा लाग्छन् । उनीहरूको काम भनेकै कुरा गर्ने हो । कुरा पनि एकले अर्काको कुरा काटेर समय कटाउने । सत्ता गठबन्धन हेरफेर हुँदा सबैभन्दा उत्तेजक र उटपटचाङ मन्तव्य दिने नेतामा पर्छन् एमाले नेता केपी शर्मा ओली । उनको वाककलाकै कारण कतिपयले 'उखाने बा'को उपनामसमेत भिराइसकेका छन् ।

उनै ओली अहिले काठमाडौं महानगरका मेयर बालेनविरुद्ध प्रतिवादमा उत्रिएका छन् । बालेन एमालेमाथि लगातार खनिन थालेपछि ओली आफैं प्रतिवादमा उत्रन थालेका हुन् । कुनैबेला माधव नेपाल, पुष्पकमल दाहालमाथि तथानाम भन्ने ओली अहिले बालेनको बोलीलाई अराजक भन्छन् ।

राजनीतिमा कांग्रेसका गगन थापा, विश्वप्रकाश शर्मा पुस्ता यसरी नै आफ्नै पार्टीका शीर्ष नेता वा विपक्षी नेतामाथि 'हेट स्पिच' दिएर अघि बढे । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) यसरी नै उदाए । गृहमन्त्री रवि लामिछाने यसको उदाहरण हो । अहिले स्वतन्त्रबाट निर्वाचित भएकाहरू ओली, गगन, रविभन्दा एक कदम अघि बढेर हेट स्पिच दिन थालेका छन् । जसले गर्दा ओलीदेखि रविको माथ खराब हुन थालेको छ । उनीहरू अहिले यस्तो हेट स्पिच दिन नहुने भन्दै अनुशासनका कुरा सिकाउन थालेका छन् । आफूले गर्दा जे पनि ठीक, अरूले गर्दा जे पनि बेठीक । यस्तो राजनीति सिकाउनेहरू जनताबाट दण्डित त हुन्छन् नै ।

सहकारी प्रकरणमा आफ्नो पार्टीको चर्को स्वर गरी बचाऊमा उत्रिएको रास्वपा कांग्रेसमाथि खनिएको थियो, हेट स्पिचमार्फत नै । अहिले रास्वपा यति धेरै रक्षात्मक बनेको छ कि उनीहरूसँग बोल्ने कुनै आधार छैन । लामिछानेमाथि एकपछि अर्को झड्का अदालतबाट आउन थालेको छ । कांग्रेसको गगन पुस्ता पनि जनताबाट कुनै बेला दण्डित हुने क्रममा छ । ओली–गगनले सिकाएको अराजकता अब हत्तपत्त हराउने छाँट छैन । यस्तै अराजकताबाट नेताहरू चाँडोचाँडो उदाउने र छिटछिटो अस्ताउने क्रम जारी रहने छ । विकासमा हैन यस्ता द्वेषपूर्ण अभिव्यक्तिमा नेताहरूको प्रतिस्पर्धा दिनानुदिन बढ्नु भनेको जनतामा राजनीतिप्रति झन् वितृष्णा जगाउनु हो ।

## मनन्योग्य

### चाणक्य नीति

जरासन्धपछिको पीढिले युगौंयुगसम्म राज्यको शासन चलाए । जरासन्धीय इतिहासको अन्तिम शासक निपुन्जय थिए जसको हत्या उनकै मन्त्री सुनिकलें गरे र सुनिकका छोरा प्रद्योत मगधको सिंहासनमा बसे । प्रद्योत वंशका पाँच शासकहरूले एक सय अठ्तीस (१३८) वर्ष (६४२ इ.पू.) सम्म शासन गरे । शिशुनाम मगधको राजसिंहासनमा बसेपछि मगधको राजनीतिक उत्थान र परिवर्तनको सुरुवात भयो । ई.पू. ५२८ अगाडि विम्बिसारले मगधको सत्ताको सूत्र आफ्नो हातमा लिए । अंगप्रदेशको विजयसँगै राज्यविस्तारको क्रम विम्बिसारले सुरु गरे । यसलाई सफलतापूर्वक अजातशत्रुले पूरा गरे । एकातिर मगध राज्यले राजनीतिक सफलता प्राप्त गरिरहेको थियो, अर्कातर्फ भारतवर्षका जनतामा एउटा नयाँ आध्यात्मिक चेतना पलाइरहेको थियो । धार्मिक जडता र रुढिवादितांबाट ग्रसित त्यतिबेलाको समाजमा नवजीवनको भाव मौलाइरहेको थियो । यो नवजागरणको सन्देश भगवान् महावीर र तथागत बुद्धले फैलाएका थिए ।

राजसंघर्षका कारण रगत लतपतिँदै गइरहेको पृथ्वीमा अहिंसा, प्रेम र सद्भावनाको मुना फुटेर महावीर र बुद्धको कर्मभूमि यो मगध राज्य बन्न पुग्यो । सत्य फैलिरहेको थियो-महावीर र बुद्ध पनि अगाडि बढिरहेका थिए । भारतवर्षमा यौटा वैभवशाली सहर बन्नगयो- 'मगध' । अजातशत्रुले विज्यहरूसँगको युद्धकार्यका लागि पाटलीग्राम (पटना)- मा आफ्ना मन्त्री तथा सुनितद्वारा किल्ला निर्माण गराए। त्यसै दिन बिहान भगवान् बुद्धले वर्षाकार वा सुनितलाई देखेर आफ्ना शिष्य आनन्दसँग सोधे- 'आनन्द ! उनीहरू को 'हुन् ?' आनन्दले उत्तर दिए- 'उनीहरू महाराज अजातशत्रुका मन्त्री वर्षाकार वा सुनित हुन् जो विज्यहरूसँग युद्ध गर्नका लागि किल्ला बनाउँदैछन् ।' क्रमशः

# मृत्युको प्रमुख कारण बन्दै छ मस्तिष्क रक्तश्राव



■ प्रा.डा. राजीव झा

> शल्यक्रिया हामी सबैको लागि एक आवश्यकता तथा बाध्यता हो रहर होइन । रक्तश्रावको शल्यक्रिया भन्नाले अप्रेसन गरेर मस्तिष्कभित्र रहेको रगतको ढिक्कालाई निकालिन्छ । बिरामीको ज्यान बचाउन र शरीरिक क्षतिलाई कम गरी दुर्वल र अपांग हुनबाट बचाउन शल्यक्रिया गरिन्छ । शल्यक्रियाबाट त्रसित नभई समयमा सही उपचार गरी ज्यान बचाउनका लागि अनिवार्यका रूपमा लिनु पर्दछ ।

मस्तिष्क यस्तो अंग हो, यसमा एकपटक समस्या भएपछि पूर्णरूपमा समाधान हुन कठिन हुन्छ । मस्तिष्क लचकदार एवं खुम्चन सक्ने प्रकृतिको हुन्छ । यो दहीजस्तो जमेको स्थितिमा हुन्छ । जब मस्तिष्कमा रक्तश्राव हुन्छ, तब त्यसले मस्तिष्कलाई खुम्चिन र फैलन दिँदैन । रगत तरल अवस्थामा भए पनि बाहिर बगेपछि यो ठोस हुन्छ । यसले मस्तिष्कलाई दबाब दिन थाल्छ । जति धेरै रक्तश्राव हुन्छ, उत्ति नै बढी जोखिम हुन्छ । कतिपय अवस्थामा मस्तिष्क रक्तश्रावले तुरुन्तै मान्छेको मृत्यु हुन सक्छ ।

मस्तिष्कका विभिन्न समस्यामध्ये मस्तिष्क रक्तश्राव (ब्रेन हचामरेज) लाई एक प्रमुख जटिल समस्याका रूपमा लिने गरिन्छ । यो एक प्रकारको मस्तिष्कघात (स्ट्रोक) नै हो । मस्तिष्क रक्तश्राव भन्नाले मस्तिष्कभित्रको सानो या ठूलो रक्तनली फुटी मस्तिष्कभित्र रगत जम्नुलाई बुझिन्छ । मस्तिष्कमा रक्तसञ्चार ज्यादा भएर रक्तनली फुटी रक्तश्राव हुनु नै मस्तिष्क रक्तश्राव हो । यसले गर्दा मस्तिष्कघात, पक्षघात वा प्यारालाइसिसजस्ता समस्याहरू निम्त्याउँछ ।

मस्तिष्कघात मृत्युको चौथो वा पाँचौं नम्बरमा पर्दछ । मस्तिष्क रक्तश्रावले मानव शरीरलाई क्षति पु¥याइ ज्यानसम्म जाने हुन्छ तर समयमै सही उपचार गर्न सकियो भने ज्यान बचाउन सकिन्छ । एकचोटी मस्तिष्कमा असर परिसकेपछि कसैकसैमा शारीरिक दुर्बलता अर्थात् पक्षघात पनि हुनसक्छ । तथापि उपचारपछि बिरामी राम्रो भई पूर्वअवस्थामा फर्केका उदाहरण पनि प्रशस्त छन् ।

मस्तिष्क रक्तश्रावको प्रमुख कारण उच्च रक्तचाप नै हो । त्यसबाहेक एभिएम, टच्युमर रक्तश्राव र रगत पातलो हुने औषधिको सेवनजस्ता कारणले पनि मस्तिष्क रक्तश्राव हुने गर्दछ । मुटुको रोगमा प्रयोग हुने मस्तिष्कमा रक्तश्राव हुनासाथ सास फेर्न कठिन हुने र पक्षघात हुनसक्ने अवस्था रहन्छ । मस्तिष्क रक्तश्राव भएका १० प्रतिशत बिरामीको मृत्यु हुनसक्छ भने पक्षघात हुने जोखिम ७० प्रतिशतमा हुनसक्छ । मस्तिष्क रक्तश्राव कति भएको छ त्यहीअनुरूप उपचार कति सम्भव छ वा छैन भन्न सकिन्छ । पाँच एमएल मात्र रक्तश्राव भएको छ भने उपचारपछि त्यसको नतिजा सकारात्मक हुन्छ । यदि सय एमएल रक्तश्राव भएको छ भने उनीहरूको दुई घण्टामै मृत्यु हुनसक्ने जोखिम उच्च रहन्छ ।

मस्तिष्कघात हुने अवस्था दुई किसिमको हुन्छ, मस्तिष्क रक्तश्राव भएर हुने र मस्तिष्कमा रगत आपूर्ति नभएर हुने । यी दुईमध्ये दिमागको नसा सुक्ने समस्या ८५ प्रतिशतमा छ भने १५ प्रतिशतमा मस्तिष्क रक्तश्राव रहेको अनुसन्धानले देखाएको छ । ब्रेन हचामरेज वा नसा सुकेमा त्यसले आँखा, कान, घाँटीमा समस्या आउनुको साथै शरीरका कुनै अंगमा प्यारालाइसिस हुने, छारेरोग हुनेजस्ता प्रत्यक्ष समस्या देखिन सक्छ । मस्तिष्कमा रगत जाने नली सुक्यो वा बन्द भयो भने यस्तो समस्या हुन्छ । जुन किसिमले यसको समस्या बढ्दैछ आगामी पाँच/सात वर्षमा एक नम्बरमा पर्ने देखिन्छ । किनकि मानिसहरूको बदलिँदो जीवनशैली, खानपिन, तजावले गर्दा स्ट्रोकको जोखिम उच्च दरमा बढिरहेको छ । जे कारणले मस्तिष्कघात भएको छ, त्यसमा ध्यान दिएमा सजिलै बचाउन पनि सकिन्छ । तर, धेरै मानिसमा समस्या थाहा पाएपछि पनि वास्ता नगर्ने प्रवृत्ति छ । उमेरअनुसार स्वास्थ्य जाँच नगर्ने, औषधि सेवन नगर्ने, व्यायाम नगर्ने, खानामा लापरवाही गर्ने, आराम नगर्ने, निद्रा नपु¥याउने, तनाव लिनेजस्ता कारणले पनि पछिल्लो समय स्ट्रोकको समस्या बढ्दो छ ।

मस्तिष्क रक्तश्रावको मुख्य कारण उच्च रक्तचाप नै हो । उच्च रक्तचापको समस्या धेरै छ । रक्तचापको बिमारी जति पुरानो हुँदै गयो, रक्तचाप जति बढ्दै गयो रक्तनलीहरू त्यतिनै पातलो हुँदै खिइँदै जाने हुँदा रक्तनलीमा प्वाल परी फुट्ने र रक्तश्राव हुने जोखिम रहन्छ । कतिपय व्यक्तिले रक्तचाप नियन्त्रण भयो भनेर औषधि छोड्ने गर्दछन् । यस्तो अवस्थामा रक्तचाप अचानक उच्च हुन पुगी नशा फुटी मस्तिष्क रक्तश्राव हुन्छ । त्यसैले उच्च रक्तचापलाई नियन्त्रण गर्न नियमित औषधि खानु पर्दछ । स्ट्रोक भएको साढे चार घण्टामा अस्पताल पु¥याउन सके बिरामीलाई बचाउन सकिन्छ । धेरैले स्ट्रोक भएमा घरमै आराम गराएर राख्ने गर्छन् । नसा फुटेको अवस्थामा पनि शल्यक्रियाबाट उपचार गर्न सकिन्छ ।

### मस्तिष्क रक्तश्रावका लक्षण र उपचार

मस्तिष्क रक्तश्राव एक आकस्मिक अवस्था हो । यो समस्या अचानक आउँदछ र यसले क्षणभरमै गम्भीर अवस्था ल्याउन सक्छ । टाउको दुख्नेक्रम नियमितरूपमा बढ्दै छ, निद्रा लाग्दैन, बिहान उठ्नेबित्तिकै वान्ता हुन्छ, आँखा हेर्न गाह्रो पर्छ भने स्ट्रोकको लक्षण हो । अचानक टाउको दुख्नु, बेहोस हुनु, वान्ता हुनु, शरीरको एक पाखा नचली पक्षघात हुनु आदि यसका लक्षणहरू हुन् । साथै क्षारेरोगको कम्पन हुनु, बोली नखोल्नु, आँखा, मुख टेँडो हुनुजस्ता समस्याहरू पनि हुन सक्छ । यस्ता लक्षणहरू देखिनासाथ तुरुन्त चिकित्सकलाई देखाउनुपर्छ ।

रक्तश्रावको अवस्थाअनुसार बिरामीलाई औषधि खुवाउने वा शल्यक्रिया गर्ने भन्न सकिन्छ । रक्तश्रावको मात्रा ३० मिलीभन्दा कम छ भने औषधि सेवनबाट पनि ठीक हुन्छ । यदि रक्तश्राव धेरै ठूलो छ र यसको मात्रा ३० मिलीभन्दा धेरै छ र बिरामीको अवस्था पनि नाजुक अवस्थामा छ भने औषधि उपचारले मात्रै ठीक नभई शल्यक्रिया नै गर्नुपर्ने हुन्छ । शल्यक्रियाबाट जमेको रगत निकालिन्छ । अभ्यासमा १०० मा ८० जनालाई यसरी औषधिबाटै निको भएको छ भने बाँकी २० जनालाई मात्रै शल्यक्रिया गर्नुपर्ने हुन्छ ।

### नतिजा सन्तोषजनक छैन

नेपालमा न्युरो रोगको उपचारको अवस्था राम्रो छ । यहाँ जस्तोसुकै शल्यक्रिया पनि गर्न सम्भव छ । शल्यक्रिया मस्तिष्क रक्तश्रावको एक राम्रो उपचार विधि हो । सही समयमा उपचार गरेर यस रोग लागी गम्भीर अवस्थामा पुगेको बिरामीलाई बचाउन सकिन्छ । तर सही समयमा सही शल्यक्रिया नगर्ने हो भने बिरामीको ज्यान उच्च जोखिममा पर्न सक्दछ । शल्यक्रिया हामी सबैको लागि एक आवश्यकता तथा बाध्यता हो रहर होइन । रक्तश्रावको शल्यक्रिया भन्नाले अप्रेसन गरेर मस्तिष्कभित्र रहेको रगतको ढिक्कालाई निकालिन्छ । बिरामीको ज्यान बचाउन र शरीरिक क्षतिलाई कम गरी दुर्वल र अपांग हुनबाट बचाउन शल्यक्रिया गरिन्छ । शल्यक्रियाबाट त्रसित नभई समयमा सही उपचार गरी ज्यान बचाउनका लागि अनिवार्यका रूपमा लिनु पर्दछ ।

नेपालको उपचार अवस्थालाई विकसित देशहरूको तुलनामा नराम्रो भन्न मिल्दैन तर नतिजा भने सन्तोषजनक छैन । मस्तिष्क रक्तश्रावको समस्या हाम्रोजस्तो विकासोन्मुख मुलुकहरूमा मात्र नभएर अमेरिकाजस्ता विकसित देशमा पनि बढ्दै गएको छ । तर त्यहाँ रोगको लक्षण देख्नासाथ चिकित्सकसँग परीक्षण गरी उनीहरूको सल्लाहअनुसार उपचार गराउँछन् भने हाम्रो जस्तो देशका नागरिकमा रोगलाई महत्त्व नदिने वा त्यसअनुसार नसासम्बन्धी पालना गर्नुपर्ने अनुशासनतर्फ वास्ता नगर्ने प्रवृत्ति निकै छ ।

अधिकांश बिरामीहरूको सफल उपचारपछि पनि सामान्य अवस्थामा आउन सकेका छैनन् । अस्पतालबाट डिस्चार्ज हुनेबित्तिकै उनीहरूलाई पुनःस्थापना केन्द्रमा राखेर हेर्नुपर्ने हुन्छ । देशमा सरकारीस्तरमा यस्ता पुनःस्थापना केन्द्रहरू छैनन्, निजी क्षेत्रबाट स्थापना भएका केन्द्रहरू आर्थिक हिसाबले महँगोमात्र होइन, कतिपयले व्यापारिक हिसाबले मात्र सञ्चालन गर्न खोज्दा स्तरीय पनि छैनन् । यस्ता बिरामीलाई घरमा लैजाँदा आवश्यक हेरविचार पुग्न सक्दैन । यसले गर्दा बिरामीको छ महिना पनि नपुग्दै मृत्यु हुने गर्दछ ।

*(वीर अस्पतालका स्नायुरोग विभाग प्रमुख र नर्भिक इन्टरनेसनल अस्पतालका न्युरो सर्जरी विभाग प्रमुख प्रा.डा. झासँग राससले गरेको कुराकानीमा आधारित) ।*




# साँधमा साइँदुवाको लडाइँ !

थरी टोलको डिलमा रहेको पिपलबोटको फेदमा बसेर चित्रबहादुर कराउँछन् । होइन ओइऽ झुम्रेका बान । तेरो डाम्नाले के-के गरेको छ हेर्दैनस् ? खाली अर्काको साँधमा लगेर बाँधेको छ । भएभरको चीज सोत्तर बनाको छ ! कति अटेर गरेको हो गर्न पनि !

चित्रेले जति नै चिच्याए पनि सुन्नेवाला कोही थिएन । झुम्रेको घरतिरबाट कसैले चियाउँला र अझ बेस्सरी झपारौंला भन्ने सोच चित्रेले राखिरहेको थियो । तर, कोही पनि निस्केन । चित्रे चिच्याइ-चिच्याइ कराउन थाल्यो ।

कत्ति बेर चिच्याएपछि बल्ल झुम्रेको नाति आँगनका डिलमा आएर मास्तिर फर्केर प्रश्न ग¥यो । मर्ने बेला भाको बूढो किन घोक्रो सुक्ने गरी कराऽ छौं ? अब यो उमेराँ आएर नि तिम्रो मति सप्रिने भएन ।

डाँडाबाट चित्रे कराउँछन्, 'के रे केरे, उल्टै मलाई धम्की !' हिजाका फूल आजको चल्ला । बढो फूर्ति गर्दो रैछ । तेरा डाम्नालाई आफ्नै बारीका पाटा लगेर बाँध्नु नि ! किन मेरो साँधमा ल्याएर लडाको छस्, जा तेरो बाउलाई गएर सुनाइदे खुरुक्क । अर्का साँधमा ल्याएर किन बाँध्नु परो तेरो डाम्नलाई ?

तिम्रै साँध हो नि ! तिम्रा फुटेका आँखाले हेरेका छौं कि जे मन लाग्यो त्यही फलाक्दै छौं ? हाम्रा 'बा' ले आफ्नै साँधमा बाँधेका छन् । अलि नजिकै गएर हेर तिम्रा साँधमा छ कि अर्काको साँध हो ?

तेरो माझा लगेर बाँध्न के को हाम्रा साँधमा ल्याका छस् त ? पिपलबोटको हावाले सुरिलो आवाजसहितको सुस्केरा हालिरहेको छ । साँधमा चित्रे र झुम्रेका नाति दुई साइँदुवा लडिरहेका छन् । एकले अर्कालाई आरोप लगाइरहेका छन् । कसको साँधमा कसको अधिकार भन्दै ।

यता चित्रे छाड्ने पक्षमा नै छैन भने अर्कोतिर झुम्रेको नाति पनि के कम, ज्यान जाला पछाडि हट्ने देखिँदैन । चित्रे पिपल बोटाँ बसेर कराइरहेका छन् भने झुम्रेको नाति आँगनको डिलमा बसेर हपार्दै छ । को भन्दा के कम । किन टेर्ने ? कसले भनेको किन मान्ने ?

अहिले गाउँमा कसैले भनेको मान्नेवाला नै छैन । उता चित्र आफ्नो साँधको कुरा गरेर दुईचार जना अधवैंशे तयार गरिरहेको छ भने यता झुम्रेको नाति मुर्रा आफूजस्तै उरण्ठेउला केटाकेटी जम्मा पारेर बूढालाई ठीक पार्छु भन्दै छ ।

आफ्नै साँधमा बाँधेको बाखामाथि चित्रेले गिद्दे नजर लगायो भन्छन् मुर्रा ! उता चित्रे आफ्नो साँधमा बाखा बाँधेर घाँस खुवाएर सिध्याइदियो भन्ने आरोप लगाएको छ । न साँधमा तारजाली घेर्नु, न पर्खाल नै लगाउने !

अहिले तीन गाउँ हँसाउने काममा लीप्त छन् चित्रे र मुर्रा ! सुझ न बुझ टुँडिखेलमा कुद भनेजस्तै ! खुरुखुरु आफ्नो खेतबारी संरक्षण आफैं नगरेर गाउँ हँसाउने काम किन गर्नु ? तर संरक्षण हुने कुरा त हुँदै हुँदैन भन्ने कुरा पो सुनिन्छ त ?

साँध सिमानामा संघर्ष गर्ने साइँदुवाहरू ! उबेलादेखि सुस्ता रोएको रोयै छ । ठाउँमा ठाउँमा जनता रोएको छ कसैलाई मतलव छैन । जनजनको घरमा मन रोइरहेको छ । चासो छैन । तर अहिले एउटा साँधको विषयमा यत्रो लफडा ।

न चित्रेलाई फाइदा न मुर्रालाई फाइदा । 'भाइ फुटे, गवार लुटे' भनेजस्तै भाको छ । कोही बोल्नेवाला पनि छैन । बोल्दा पनि बोल्दैन । गाउँमा चित्रे र मुर्राको साँध विवादले धेरैलाई चिन्ता पनि छ । कतै न्याय पो नपाउने हो कि भनेर । हुन त संघीऽयता न उता मा हुने नै यस्तै हो । पञ्चभलाद्मी बस्ने अनि डिल ठोक्ने । उसलाई ऊ गरेर अर्का साँधा ल्याएर यसो गरेर उसो गरेर भनेर मात्र हुन्छ ?

चित्रलाई पनि कहिलेको पीडा पोख्नु प¥या हो ! अर्को खाली साँधमै आएर कर्कस गरेको छ । आफ्नो साँधा जे गरे पनि हुन्छ भन्ने सोचले गर्दा बिग्रेका त होला नि ?

ऊ बेला साँध सिमाना राम्रैसँग छुटचाउ भन्दा नमानेपछि अहिले आएर हुने त यस्तै त हो नि । तात्तातो रिसले आफैंलाई खान्छ भन्छन् । चित्रे र मुर्राको भन्दा को कम ! साँधमा बसेर सधैं के लफडा गर्नु साइँदुवाहरू ! साँधमा बसेपछि मिलिजुली गर्न चौतारीमा बसेर पञ्चभलाद्मीले ऊ बेला पनि भनेकै हुन् । तर, खै टेरेको भए पो ! खालि दुनियाँ हँसाउनेबाहेक केही पनि गर्दैनन् ।

हुन त साँधमा बसेपछि शक्ति त देखाउनै प¥यो नि । त्यसमाथि पनि थरी टोलका पिपलबोटमा बसेर गाउँ थर्काएका चित्रेले मुर्रालाई के बाँकी राख्थे र ? ताल परे झिँझाले मुढा पोल्न आको होस् भन्दिन्छन् चित्रेले ! पहिले-पहिले हो र, अब त 'बाह्र छोरा तेह्र नाति, बूढाको धोक्रो काँधैमाथि' भनेजस्तै हो ।

चित्रे बाले ०४८ साल सोच्या होलान् यो त ०८१ साल पो हो त गाँठे । अब कसैलाई थर्काएर थर्कनेवाला नै छैन नि । चित्रे बा अझै पनि मुर्रालाई आफ्नै पाखुरीका बलले साँधमा बसेर ठीक पार्छु भन्ने सोचिराका छन् । जवाना नातिको छ बा हजुरबाले घिउ खाको बल मसँग छ भन्नेमा छन् ।

मुर्राले तलबाट फेरि कराउन थाल्यो । होइन ओइ बूढा, तिम्रा बाले ल्याप्चे हानेर साँध मिचेको त बिर्सेका छैनौं होला नि ? एक-एक हिसाव छ नि मसँग !

बूढा माथिबाट हकार्दै भन्छन, तेरा हिसाब तैँसँग राख, मेरो हिसाबमा तँलाई कसरी हान्छु हेर्दै जा ।

बूढाको कुरा सुनेर मुर्राले आँगनको डिलबाटै एक ढुंगो प्रहार गर्छ । चित्रे ढुंगा त छल्छन् अनि चिच्याउँछन्, गुहारऽ गुहार, मेरो साँध मिचेर मलाई ढुंगा हान्यो । सब नालायक रै'छन्, कोही बोल्देन । गुहार गाउँले गुहार, बचाऊ भन्दै बूढो फुत्त पिपलको रुखको आडैबाट कुलेलम ठोक्छ ! मुर्रा मरीमरी हाँस्छ ।

# लुम्बिनी सरकारको नीति तथा कार्यक्रम सार्वजनिक

**दाङ (प्रस)-** लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत गरेको छ । प्रदेश प्रमुख अमिक शेरचनले सोमबार नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् ।

नीति तथा कार्यक्रममा प्रदेशका चार स्थानमा सामुदायिक शिशु स्याहार केन्द्र स्थापना गर्नका लागि सम्भाव्यता अध्ययन गरिने उल्लेख छ । घोराही, लुम्बिनी, बुटवल र नेपालगञ्जमा सामुदायिक शिशु स्याहार केन्द्रको स्थापना गर्न सम्भाव्यता अध्ययन गरिने विषय समेटिएको हो । प्रदेश प्रमुख शेरचनले यसले गर्दा बच्चा भएकै कारण रोजगार छोड्नुपर्ने आमाको बाध्यता हट्ने विश्वास लिइएको बताए । उनका अनुसार प्रदेश राजधानी देउखुरीमा पनि सम्भाव्यता अध्ययन गरिने भएको छ ।

सन् २०३० सम्म प्रदेशलाई बालविवाहमुक्त बनाउने गरी १० वर्षे रणनीति बनाउने, सबै सामुदायिक विद्यालयमा किशोरी आत्मरक्षा तालिम प्रदान गरिने, प्रदेशस्तरीय बालसंरक्षण गृह निर्माण गर्ने कुरा नीति तथा कार्यक्रममा समावेश छ ।

'किसानको हात, प्रदेशको साथ' कार्यक्रममार्फत उत्पादनमा आधारित अनुदान दिने, प्रविधिमार्फत कृषिको बजारीकरण गर्ने, 'बुद्ध पर्यटकीय मार्ग: लुम्बिनी-ढोरपाटन-दुनै-जुम्ला-खलंगा-रारा-काँक्रेविहार-कोलपुर-लुम्बिनी' को सम्भाव्यता अध्ययन, अन्तरप्रदेश समन्वय, नयाँ निर्माण हुने सडकलाई अपांगतामैत्री बनाउने, रामपुर-कपुरकोटलाई स्तरोन्नति, दाङको कोइलाबास नाकामा खानेपानी विशेष कार्यक्रम सञ्चालन गर्नेलगायत कार्यक्रम नीति तथा कार्यक्रममा उल्लेख छ ।

पहाडबाट तराई बस्न आउने कार्य निरुत्साहित, गाउँमै नमूना बस्ती निर्माण, प्रदेशका वनमा उत्पादन भएको काठलाई उचित प्रयोगका लागि सरकारी भवन निर्माण तथा फर्निचरमा लैजान कानुनी प्रबन्ध मिलाउने, प्रदेशभित्र जडीबुटी प्रशोधन उद्योग स्थापना, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि सचेतना कार्यक्रम, अटिजम भएका बालबालिकालाई स्रोत कक्षा सञ्चालन, 'थोरै विद्यालय, धेरै विद्यार्थी'कार्यक्रम सञ्चालन गर्ने, कक्षा १२ देखि माथिका विद्यार्थीलाई प्रदेश तथा स्थानीय तहमा इन्टरनेटको व्यवस्था मिलाउने नीति तथा कार्यक्रममा समावेश छन् ।

प्रदेशभित्र मातृभाषाका रूपमा बोलिने भाषालाई कामकाजको भाषा बनाउने, हिमाली तथा पहाडी जिल्लामा सुत्केरी उद्धारका लागि एयर एम्बुलेन्सको व्यवस्था गर्ने, एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्नेलगायत कार्यक्रम प्रदेश प्रमुख शेरचनले सोमबार प्रस्तुत गरेको नीति तथा कार्यक्रममा उल्लेख छ ।

## पाँच कक्षापछि पढ्न पाउँदैनन् निसेलढोरका बालबालिका

**बागलुङ-** बागलुङको निसेलढोर गाउँ पुग्दा सम्झना विश्वकर्मा छोराको हेरचाहमा व्यस्त थिइन् । उमेरले १९ वर्ष भएकी विश्वकर्माले कक्षा छ मै पढाइलाई विश्राम दिइन् । उनको पढ्ने रहर नभएर होइन गाउँमा विद्यालय नहुँदा पढाइ छोडेर बिहे गरिन् ।

निसीखोला गाउँपालिका-५ निसेल ढोरमा अशिक्षा, गरिबी र बालविवाह व्याप्त छ । त्यसैको चेपुवामा सम्झनाजस्ता धेरै किशोरीहरू परेका छन् । निसेलढोरमा पाँच कक्षासम्म अध्ययन हुने गरेको र माध्यामिक शिक्षा अध्ययनका लागि घरबाट टाढा जान सम्भव नभएपछि पढाइ छोडेको विश्वकर्माले दुखेसो गरिन् ।

'१९ वर्षकी भएँ, पढाइको महत्त्व अहिले बुझ्दै छु । घरबाट पाँच घण्टाको पैदल दूरीमा माध्यामिक विद्यालय छ, त्यसकारण पढ्न सम्भव भएन । सानै उमेर भएकाले कोठा खोजेर पनि बस्न सकिएन, यहाँ म मात्रै होइन विद्यालय नहुँदा धेरैले पाँच कक्षापछि पढाइ छोड्नुपर्ने बाध्यता छ,' उनले भनिन् ।

शिक्षा मात्र होइन यहाँ विद्युत्को पनि त्यस्तै समस्या छ । एक वर्षअघि नेपाल टेलिकमले मोबाइल टावर राखे पनि मोबाइल चार्ज गर्न नसकिएको स्थानीयको गुनासो छ । निसेलढोरमा ५५ स्थायी र १५० घरमा घुम्ती बसाइ हुन्छ । घुम्ती बसाइ गर्ने परिवारका बालबालिकाले निसीखोलाको बेँसीमा विद्यालयमा अध्ययन गर्ने भए पनि निसेलढोरमै रहेका बालबालिका कक्षा पाँचपछि अध्ययन छोड्ने गरेका स्थानीय खिमा विकको भनाइ छ । 'यहाँ त बालविवाह सामान्यजस्तै छ, केही बालबालिका विद्यालय नै जाँदैनन्, कक्षा पाँचसम्म त गाउँमै पढाइ हुन्छ, त्यसमाथि अध्ययन गर्न समस्या छ,' विकले भनिन् ।

पाँच कक्षासम्म अध्ययन गर्न मिल्ने कुँडेढोर प्राथमिक विद्यालयमा अहिले ५२ जना विद्यार्थी छन् । विद्यालयका शिक्षक रुद्र विकले पनि धेरैले पाँच कक्षापछि पढाइ छोड्ने गरेका बताए । वि.स. २०६४ मा स्थापना गरिएको कुँडेढोर प्राथमिक विद्यालयसमेत जीर्ण अवस्थामा छ । *रासस*

## हुरीले २५ सय बिघा क्षेत्रफलको केरामा क्षति

**चितवन-** जिल्लामा लगाइएको केरामा केही दिनअघि आएका हावाहुरीले ठूलो क्षति पुऱ्याएको छ । चितवन केरा उत्पादक संघका अध्यक्ष माधवप्रसाद घिमिरेका अनुसार केही दिनयता आएको हावाहुरीका कारण जिल्लामा लगाइएको दुई हजार ५०० बिघा क्षेत्रफलको केरामा क्षति पुगेको हो ।

पूर्वी चितवनमा लगाइएको केरामा बढी मात्रामा क्षति पुगेको उनले बताए । उनले भने, 'पूर्वी चितवनको रत्ननगर, कालिका र खैरहनी नगरपालिकामा लगाइएको केरामा ठूलो क्षति भएको छ ।' जिल्लामा लगाइएको ४० लाख ८७ हजार ५०० केरामा क्षति पुगेको उनले बताए । उनका अनुसार पसाएर फल लाग्ने समयका केरामा हावाहुरीका कारण क्षति पुगेको छ ।

संघका महासचिव जनक पन्तका अनुसार हावाहुरीका कारण केरामा १२ करोड रूपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । सत्तरी जना व्यावसायिक किसानको केरा पूर्णरूपमा क्षति भएको छ भने अन्यको आंशिक क्षति भएको उनले बताए । ९० प्रतिशत किसानले केराको बिमा गरेको र १० प्रतिशत किसानले बिमा नगरेको उनले जानकारी दिए ।

बिमा गरेका किसानले क्षति भएअनुसार केही रकम पाउने भए पनि बिमा नगरेका किसानको पूर्ण क्षति हुने उनले बताए । जिल्लामा हाल तीन हजार ५०० बिघा क्षेत्रफलमा केरा खेती गरिएको छ । उनका अनुसार यहाँ ७०० जना किसानले केरा खेती गरेकोमा हावाहुरीले १६५ जना किसानको केरामा क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । वास्तविक तथ्यांक आउने केही समय लाग्ने उनले जानकारी दिए । *रासस*


### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DIYALO INTERNATIONAL EMPLOYMENT AGENCY PVT. LTD.

पूर्व स्वीकृति मिति: २०८१/०२/२१ LT. No. 305733 चलानी नं. ६०२२०४७२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | AC Technician | 3 | 0 | 2000 | ७२,३८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | AC TECHNICIAN ASSISTANT | 1 | 0 | 1200 | ४३४३१ | | | | | | | |
| 3 | BMS operator | 2 | 0 | 2000 | ७२,३८६ | | | | | | | |
| 4 | Carpenter | 1 | 0 | 1600 | ५७,९०८ | | | | | | | |
| 5 | cctv | 3 | 0 | 2602 | ९४,१७४ | | | | | | | |
| 6 | Chiller Technician | 1 | 0 | 2000 | ७२,३८६ | | | | | | | |
| 7 | date palm cleaner | 1 | 0 | 1200 | ४३४३१ | | | | | | | |
| 8 | electrician | 4 | 0 | 2000 | ७२,३८६ | | | | | | | |
| 9 | Gardener | 4 | 0 | 1200 | ४३,४३१ | | | | | | | |
| 10 | Helper | 30 | 0 | 1200 | ४३,४३१ | | | | | | | |
| 11 | Janitors | 200 | 25 | 1000 | ३६,१९३ | | | | | | | |
| 12 | Lead hand | 10 | 0 | 1200 | ४३,४३१ | | | | | | | |
| 13 | Life Guard | 2 | 2 | 1700 | ६१,५२८ | | | | | | | |
| 14 | MASON | 1 | 0 | 1600 | ५७,९०८ | | | | | | | |
| 15 | multi technician | 5 | 0 | 2100 | ७६,००५ | | | | | | | |
| 16 | Office Boy/Girl | 15 | 0 | 1200 | ४३,४३१ | | | | | | | |
| 17 | PAINTER | 1 | 0 | 1600 | ५७,९०८ | | | | | | | |
| 18 | palm cuter | 2 | 0 | 1500 | ५४,२८९ | | | | | | | |
| 19 | PIPE FITTER | 2 | 0 | 1500 | ५४,२८९ | | | | | | | |
| 20 | PLUMBER | 1 | 0 | 1700 | ६१,५२८ | | | | | | | |
| 21 | Rope Access Cleaners (Level 2) | 1 | 0 | 2500 | ९०,४८२ | | | | | | | |
| 22 | Security Guard | 15 | 3 | 2100 | ६१,५२८ | | | | | | | |
| 23 | Senior kitchen technician | 1 | 0 | 3200 | १,१५,८१७ | | | | | | | |
| 24 | Team Leader | 5 | 0 | 3000 | १,०८,५७९ | | | | | | | |
| 25 | Technical Assistants | 1 | 0 | 1500 | ५४,२८९ | | | | | | | |
| 26 | WatchMan | 2 | 0 | 1200 | ४३,४३१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,

ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAYALI ZMAN BUILDING CLEANING SERVICES.

पूर्व स्वीकृति मिति २०८०/०१/१३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२१ LT. No. 285307 चलानी नं. ६०२००७२५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 16 | 0 | 900 | ३२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.**

श्रम ईजाजत नं. ५०३/०६१/०६२

पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन: ५४५६०२०/५४५६०१९

सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५



### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KAFEZ TRAING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०७९/०४/३० पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२१ LT. No.267365 चलानी नं. ६०१८३२६५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Sandwich Makar | 1 | 0 | 1200 | ४३,७२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 1 | 0 | 1100 | ४०,०८० | | | | | | | |
| 3 | Driver | 2 | 0 | 2200 | ८०,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**

Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com



### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SHASHA AL SAGHEER TECH CONT

पूर्व स्वीकृति मिति: २०८१/०२/१८ LT. No. 305604 चलानी नं. ६०२२०४७०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Brick Mason | 8 | 0 | 1200 | ४३,४३१ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 10 | 0 | 1200 | ४३,४३१ | | | | | | | |
| 3 | Construction Carpenter | 10 | 0 | 1200 | ४३,४३१ | | | | | | | |
| 4 | Tile Layer | 7 | 0 | 1200 | ४३,४३१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**E.U.Bright Future Pvt. Ltd.**
**(PRESTIGE H.R. SOLUTION PVT.LTD.)**

Tokha Municipality-10, Kathmandu, Nepal
Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com

श्रम ईजाजत नं. ११७३/०७३/०७४



### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RITAJ TRADING AND CONTRACTING & SERVICES WLL

पूर्व स्वीकृति मिति २०८१/०२/२० LT. No. 305702 चलानी नं. ६०२२०४६४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | General Clean Worker | 10 | 0 | 1000 | ३६,६५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 6 | 0 | 1000 | ३६,६५० | | | | | | | |
| 3 | Supervisior | 1 | 0 | 2500 | ९१,६३० | | | | | | | |
| 4 | Technician Gen | 3 | 0 | 1300 | ४७,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

श्रम ईजाजत नं. १२२४/०७४/०७५



### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WE BUILD CONSTRUCTION LLC

पूर्व स्वीकृति मिति २०८१/०२/२० LT No.305655 चलानी नं.६०२२०४३२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Helper | 40 | 0 | 900 | ३२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Star Bridge HR Solution Pvt.Ltd.**

Samakhusi, Town Planning-26, Ktm. Nepal,
Tel. No.: +977-01-5919160
E-mail: starbridgehrsolutan124@gmail.com

Govt. License 1592/079/080



## गढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश
सुनसरी, नेपाल

### गढी गाउँपालिकाद्वारा जनहितमा जारी जानकारीमूलक सन्देश

**यस गाउँपालिका सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक तथा राजनीतिक पक्षको विकासमा निरन्तर रूपमा योजनाबाट तबरले कार्यसञ्चालन गर्दै आएको छ ।**

**आर्थिक, भौतिक र सामाजिक पक्षको विकासका साथै मानवीय पक्षको विकासलाई एकैसाथ लैजान अपरिहार्य हुन्छ । आजको बालबालिकाले नै भविष्यमा समाजको नेतृत्व गर्दै समृद्ध समाज निर्माणमा सहयोग गर्छन् । बालबालिकाहरूका लागि आवश्यक पर्ने सेवाहरूको गुणस्तरमा सुधार ल्याई बालअधिकार सुनिश्चित गर्न बालबालिकाहरूलाई वर्तमानमा नै साझेदार बनाई सभ्य र दक्ष जनशक्तिसहितको समृद्धि बनाउन बालबालिकाहरूमा लगानी गर्दै बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गर्न २०७६ पुसबाट बालमैत्री स्थानीय शासन घोषणान्मुख अभियान यस गाउँपालिकामा सञ्चालन भई रहेको हामीलाई सर्वविदितै छ ।**

- जन्मदेखि ६ महिनासम्मका बालबालिकाहरूलाई अन्य कुरा नखुवाई आमाको दुधमात्र खुवाऔं ।
- सबै बालबालिकाहरूलाई पोषणयुक्त खानेकुरा खुवाऔं ।
- ५ वर्ष मुनिका बालबालिकाहरूलाई भिटामिन ए र जुकाको औषधी खुवाऔं ।
- गर्भवती आमाहरूलाई गर्भावस्थामा नियमित ४ पटक गर्भजाँच र प्रसुति पनि स्वास्थ्य संस्थामा नै दक्ष स्वास्थ्यकमीबाट गराऔं ।
- सुत्केरी पश्चात आमा र नवजात शिशुको तीन पटक स्वास्थ्य जाँच अनिवार्य गराऔं (२४ घण्टामा ३ दिनमा र ७ दिनमा) ।
- गर्भावस्थामा र सुत्केरी भएको पैतालिस दिनसम्म २२५ वटा आइरन चक्की नबिर्सि खुवाऔं ।
- चपीको प्रयोग गरौं, खाना पकाउन र खान अगाडि दिसा गरेपछि, बालबालिकाको दिसा धोएपछि, साथै फोहोर बस्तु छोएपछि साबुन पानीले मिचीमिची हात धुने बानी बसालौं ।
- पाँच वर्ष पुगेको सबै बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय भर्ना गराऔं ।
- आफ्ना छोरीछोरालाई कम्तिमा पनि कक्षा आठसम्मको शिक्षा दिऔं ।
- आफू र आफ्ना बालबालिकाहरूको सरसफाईमा विशेष ध्यान दिऔं ।
- घरपरिवारमा र समुदायमा हुने निर्णय प्रक्रियामा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता गराउँदै आफ्ना छोरीछोराहरूलाई जिम्मेवार बन्ने अवसरको सृजना स्वयम् अभिभावकहरू आफैंबाट सुरुवात गरौं ।
- स्थानीय तहका सबै क्षेत्र र निकायहरूमा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता गराई बाल अधिकारको सुनिश्चितता गरौं ।
- बालमैत्री संरचना र पूर्वाधारको निर्माण गरौं ।
- छोरीछोरालाई पूर्णरूपमा बालमैत्री वातावरणमा हुर्कने अवसर प्रदान गरौं र बालमैत्री स्थानीय शासनयुक्त यस गाउँपालिका बनाउँदै सम्भयताको परिचय दिऔं ।

# प्रभाव दैनिक

रूपशाला

## हिरामाण्डीको दोस्रो सिजनको घोषणा

बलिउड निर्देशक सञ्जय लीला भन्साली यतिबेला आफ्नो सिरिज 'हिरामाण्डी'का कारण चर्चामा छन् । सिरिजले दर्शकबाट राम्रो प्रतिक्रिया पाइरहेको छ । सिरिज आएदेखि नै भन्सालीसँग सिजन २ पनि ल्याउनु पर्ने दर्शकहरूले माग गरिरहेका थिए । त्यतिबेला उनले यसमा कुनै प्रतिक्रिया दिएका थिएनन् । तर हालै नेटफ्लिक्सले हिरामण्डी सिजन-२ घोषणा गरेको छ । सिजन २ मा स्वतन्त्रता पछिको कथा देख्न पाइनेछ । हिरामाण्डीको पहिलो सिजन आलमजेबले ताजदारकी हजुरआमालाई उनी गर्भवती रहेको खबर सुनाएपछि सकिन्छ ।






# गौरव र क्विन्सी बने सुपर मोडल

■ प्रभाव संवाददाता

**काठमाडौं –** एभरेष्ट इभेन्ट्सद्वारा आयोजित तेस्रो संस्करणको 'नन्दिनी अर्गानिक मिस्टर एण्ड मिस एसईई सुपर मोडल २०२४' को उपाधी गौरव सिटौला र क्विन्सी श्रेष्ठले जितेका छन् । राजधानीमा हालै आयोजित प्रतियोगितामा उनीहरूले ९३ प्रतिस्पर्धीहरूलाई उछिन्दै उक्त उपाधी जितेका हुन् ।

पुरुष र महिला गरी दुई भिन्न टाईटलका लागि भएको स्पर्धामा अवय खड्गी र जेसिका सिंह ठकुरी 'फस्ट रनर अप,' विशेष श्रेष्ठ र मिमोसा राई सेकेन्ड रनरअप, शिशिर रेगामी मगर र एन्जल थापा मगर थर्ड रनरअप, सहारा लामा फोर्थ रनरअप भए ।

प्रतियोगितामा दीपशान्त नेपाली र कुसुम गुरुङ आयोजक छनोट, आदित्य गौतम र अप्सना पन्त ब्राण्ड एम्बेसडर, उक्रिशा मुधवारी ब्युटी विथ ब्रेन, निश्चल खत्री, रोजिना कार्की र रञ्जिता कर्माचार्य मस्ट पपुलर र कुसुम गुरुङ तथा छसुम राई भ्युअर्स च्वाइस बने ।

शीर्ष उपाधि विजेताहरूले उपाधीसँगै ५० हजार रूपैयाँ, स्मार्टफोन प्राप्त गरे । त्यस्तै सेकेण्ड रनर अपसम्मका विजेताले बुद्ध एयरबाट पोखरा-काठमाडौंको हवाई टिकट र विश्व मञ्चमा नेपालको प्रतिनिधित्वको अवसर प्राप्त गरे ।

त्यसैगरी प्रत्येक सहभागीले विज्ञान, व्यवस्थापन, मानविकी तहमा दश जोड दुई अध्ययनका लागि छात्रवृत्ति प्राप्त गरे । दुवै विजेताका लागि एभरेष्ट फिल्म एकेडेमीमा १ लाख रूपैयाँ बराबरको छात्रवृत्ति, आशिका एकेडेमीद्वारा व्यावसायिक मेकअप कोर्ष, शीर्ष ८ ले करुणाको ब्यूटी पार्लर र प्रशिक्षण केन्द्रमा एक हप्ताको आधारभूत मेकअप कक्षाको अवसर पाएका छन् ।

यसबाहेक उनीहरूले फ्लाई टेक अन्तर्राष्ट्रिय एयरहोस्टेस एकेडेमीमा छात्रवृत्ति, शीर्ष तीनका लागि पोखरामा टूर प्याकेज, फ्रुट जेम्सद्वारा उपहार, नन्दिनी अर्गानिकद्वारा उपहार, नयाँ स्किनोलजीद्वारा उपहार, लेडिज विजेतालाई प्याडलक्स प्रिमियम सेनेटरी प्याड उपहार, उप्स नेपालद्वारा उपहार, सिजिजि स्पोर्ट्स हबबाट बक्सिङ र मुए थाई फिटनेस प्याकेज पाएका छन् ।




एभरेष्ट इभेन्टसका सिईओ कृष्ण श्रेष्ठ (रुविन) ले विजेताले विज्ञापन, पत्रिका र समाचारपत्रहरूमा चित्रित हुने अवसरसँगै म्युजिक भिडियो, सर्ट फिल्ममा अभिनयको अवसर पाउने बताए ।

सुगन्धा अधिकारी र अर्शु महर्जनको कोरियोग्राफीमा सम्पन्न यस प्रतियोगितामा रोजिन शाक्यले उदघोषण, एमयुएका अनिश श्रेष्ठले फोटोग्राफी, करुणा ब्यूटी पार्लर र आशिका एकेडेमीले मेकअप र भ्यालेन्टिनो द बुटिक, ज्वाला डिजाइनर र एन्जी डिजिनरले ड्रेस डिजाईनको भूमिका निर्वाह गरेका थिए ।

# निर्देशक थापा पक्राउ

■ प्रभाव संवाददाता

**काठमाडौं –** फिल्म निर्देशक तथा अभिनेता सुदर्शन थापा पक्राउ परेका छन् । काठमाडौंको कमलपोखरी क्षेत्रबाट सोमबार दिउँसो उनलाई पक्राउ गरेको हो । गत वर्ष रिलिज भएको फिल्म 'प्रसाद-२'को लेनदेनको विवादमा उनलाई प्रहरीले नियन्त्रणमा लिएको हो । उनलाई पक्राउ गरेर प्रहरी वृत्त बौद्धमा लगिएको छ ।

गत असोजमा 'प्रसाद-२'का निर्मातामध्येका एक सुदर्शन बस्नेतले आपराधिक विश्वासघातको आरोपमा निर्देशक थापाविरुद्ध उजुरी दिएका थिए । उजुरी परेको ७ महिनापछि उनी पक्राउ परेका हुन् । अदालतबाट पक्राउ पूर्जी जारी हुँदा पनि उनी खुल्लमखुल्ला हिँडिरहेका थिए । उनी 'प्रसाद-२'का निर्देशक हुन् ।



निर्देशक थापाले आफ्नो मन्जुरीबिना देश तथा विदेशमा फिल्म प्रदर्शन गरेर एक करोड ५० रूपैयाँ ठगी गरेको आरोप निर्माता बस्नेतको छ ।

# प्रदीपको निर्देशनमा 'दाग' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** म्युजिक भिडियो निर्देशनमा छुट्टै पहिचान बनाएका प्रदीपकुमार रसाइलीको निर्देशन रहेको चेलीबेटी बेचविखनबिरुद्ध चेतनामूलक गीत 'दाग'को भिडियो सार्वजनिक भएको छ । भिडियो 'दाग'को सार्वजनिक कार्यक्रममा विभिन्न स्रष्टा सर्जकलाई सम्मान समेत गरिएको थियो । प्रतिनिधिसभाकी उपसभामुख ईन्दिरा राना मगरको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा स्रष्टा सर्जकलाई सम्मान गरिएको हो ।

निर्माता संघका अध्यक्ष नवल खड्का, चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला, भिडियो चलचित्र निर्देशक संघका अध्यक्ष बविता श्रेष्ठ 'मलेकु' विशेष अतिथि रहेको कार्यक्रममा ब्राण्ड यु पिक्चर्स तारकेश्वर कला प्रतिष्ठानबाट मोडल तथा नृत्य निर्देशक रसाइली, गीतकार टिका भट्टराई र फोटोपत्रकार बद्री थापालाई 'तार्केश्वर कला सम्मान २०८०' अर्पण गरिएको थियो ।

पीआर इन्टरटेन्मेन्टका संरक्षक दिलकुमारी रसाइली, हिटाकर्मी एवं गीतकार गीता अधिकारी, बिशिष्ठ कलाकारहरू रमा थपलिया, उत्तम केसी, भिडियो निर्देशक प्रदीप



रसाइली, संगीतकार पुस्कर सुनुवार, मोडल निर्देशक सिवन पोखरेल, कलाकारहरू समिता गिरी, सरोज गिरी, राजकुमार शाह, सुमिना कार्की, डुपचन लामा, श्रृगार शंकर वराल, सम्पादनरकरलरिष्ट अमृत चापागाई लगायतलाई सम्मान गरिएको थियो ।

'दाग'मा पूर्णिमा लामाको स्वर, ज्ञानलाल शास्त्री शब्द एवं संगीत र जीवन बडुको एरेञ्ज रहेको छ । प्रदीपकुमार रसाइलीले निर्देशन गरेको भिडियोमा स्वमिक गौतम र गणेश मण्डलको छायाँकन र अमृत चापागाईंको सम्पादन छ । भिडियोमा प्रदीपकुमार रसाइली, समिता गिरी, सरोज गिरी (गिरी राजा), रमा थपलिया, उत्तम केसी नेपाल, राजकुमार शाह, सुमिना कार्की, दुप्चन लामालगायत कलाकारको अभिनय छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAHRA ADVANCED CABLE MANUFACTURING COMPANY LTD

पुर्व स्वीकृति मिति २०८०/११/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२१ | LT. No. 300847 | चलानी नं. ६०२१५७९५

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलब |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | SR | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | Manufacturing Worker | 5 | 0 | 1300 | ४६,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786
E-mail : nationalexportsmc@gmail.com


रंगशाला

# नेपाली फुटबल टोलीको बिदाइ



■ प्रभाव संवाददाता

**काठमाडौं –** फिफा विश्वकप २०२६ र एसियन कप २०२७ को संयुक्त छनोट अन्तर्गत दोस्रो चरणमा युएई र यमनविरुद्धको खेल खेल्ने नेपाली राष्ट्रिय फुटबल टोलीलाई बिदाइ गरिएको छ । आइतबार काठमाडौँमा एक कार्यक्रमबिच टोलीको बिदाइ गरिएको हो ।

खेलाडीलाई अखिल नेपाल फुटबल संघ (एन्फा) मा अध्यक्ष पंकजविक्रम नेम्वाङ, महासचिव किरण राई, सीईओ इन्द्रमान तुलाधर लगायतले आइतबार टोलीलाई बिदाइ गरे । नेपाली टोलीमा २३ खेलाडी र ११ जना अफिसियल गरी ३४ सदस्यीय रहेको छ ।

२३ सदस्यीय नेपाली फुटबल टोलीमा गोलकिपरमा किरण चेम्जोङ, अभिषेक बराल, विशाल सुनार, रक्षकमा अनन्त तामाङ, अभिषेक लिम्बु, विमल पाण्डे, विशाल बस्नेत, छिरिङ लामा, रोहित चन्द, सनिश श्रेष्ठ, सौभाग्य राई र मिडफिल्डरमा भरत खवास, लकेन लिम्बू, मनिष डाँगी, वसन्त जिम्बा, सुमित श्रेष्ठ, मणिकुमार लामा, आशिष राई र फरवार्डः जिलेस्पेजंग कार्की, हिसुब थपलिया, आशिकबाबु चौधरी, सञ्जीव विष्ट, आयुश घलान रहेका छन् । दोस्रो चरणमा समूह एचमा रहेको नेपालले अन्तिम दुई खेल साउदी अरेबियाको दमाममा खेल्नेछ । नेपालले युएईविरुद्ध जुन ६ र यमनविरुद्ध जुन ११ मा खेल्दैछ । दुवै खेल दमामको प्रिन्स मोहम्मद बिन फहद स्टेडियममा हुँदैछ ।

नेपाल र युएईविरुद्धको खेल घरेलु मैदानमा खेल्नुपर्ने थियो । तर दशरथ रंगशालाको मैदान खेलाउन लायक नभएपछि साउदी अरबमा खेल्न लागेको हो ।

# प्रधानमन्त्री कपमा पुलिस र हेल्प नेपाल विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल पुलिस क्लब र हेल्प नेपाल स्पोर्टस क्लबले राजधानीमा जारी प्रधानमन्त्री कप महिला तथा पुरुष भलिबल लिगअन्तर्गत पुरुषतर्फको खेलमा जीत हासिल गरेका छन् ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा सोमबार भएको खेलमा पुलिसले बूढानीलकण्ठ भलिबल क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै जीत हासिल गरेको हो ।

पुलिसले पहिलो सेट २५-२० ले जित्यो भने खेलको दोस्रो सेट २५-१९ ले आफ्नो पक्षमा पाऱ्यो । त्यस्तै खेलको तेस्रो तथा अन्तिम सेट २५-१८ ले आफ्नो पक्षमा पाऱ्यो ।

यससँगै पुलिसले प्रतियोगितामा तेस्रो जीत दर्ता गराएको छ । यसअघि पुलिसले सुदूरपश्चिम प्रदेश र एपिएफसँग पराजित गरेको थियो । खेलमा पराजित बूढानीलकण्ठले अहिलेसम्म जीत हासिल गर्न सकेको छैन । बूढानीलकण्ठ हेल्प नेपाल र त्रिभुवन आर्मी क्लबसँग पराजित भएको थियो ।

त्यस्तै अर्को खेलमा हेल्प नेपाल सुदूरपश्चिम प्रदेशलाई ३-० कै सोझो सेटमा पराजित गर्दै विजयी भयो । हेल्प नेपालले खेलको पहिलो सेट २५-१९, दोस्रो सेट २५-२० र तेस्रो सेट २५-२२ ले जित्यो । हेल्प नेपालले यसअघि बूढानीलकण्ठ र कोशी प्रदेशलाई पराजित गरेको थियो । सुदूरपश्चिम प्रदेश भने नेपाल पुलिस क्लब र गण्डकी प्रदेशसँग पराजित भएको थियो ।

यसैगरी महिलातर्फ आजै सम्पन्न खेलमा विभागीय टोली नेपाल एपिएफ क्लबले कर्णाली प्रदेश तथा एभरेष्ट भलिबल क्लब अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३-० को सेटमा पराजित गर्दै विजयी भएको थियो ।


## पूर्वाधार विकास कार्यालय
### भद्रपुर, झापा

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

*सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेबल पुल तथा झोलुङ्गे पुलजस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत सम्भारले भेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ । त्यसैले,*

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरी ।
- निर्माण तथा व्यापारिक सामग्रीहरू सडक तथा फुटपाथमा नराखौ । विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माण कार्य गरौ र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरी साथै कार्य सकिएपछि नाली सफा गरौ ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरू अबरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौ ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौ ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौ ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौ ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरू सडकपेटीमा नथुपारी ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौ ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔ ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौ ।
- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडी ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौ ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौ ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरी ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔँ ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौ ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔ ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौ ।
- सडकको दायाँ बायाँ रूख विरूवा रोपौ ।



चीनको सिन्जियाङ उइगुर स्वायत्त क्षेत्रका कलाकारहरू टर्कीको इस्तानबुलमा आइतबार आयोजित कन्सर्टमा परम्परागत जातीय पहिचान झल्कने नृत्य प्रस्तुत गर्दै । *तस्बिरः सिन्ह्वा*

# भारतीय निर्वाचनमा ६४ करोड २० लाख मतदाता सहभागी



**नयाँदिल्ली-** छ हप्ता लामो भारतीय निर्वाचनमा ६४ करोड २० लाख भारतीय मतदाताले मतदान गरेको मुख्य निर्वाचन आयुक्त राजीव कुमारले सोमबार बताएका छन् । अधिकांश निर्वाचन सर्भेक्षण नतिजाले प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकाल जित्ने अनुमान गरेका छन् ।

आयुक्त कुमारले ६४ करोड २० लाख भारतीयले मतदान गरी विश्व कीर्तिमान बनाएको जिकिर गर्दै यो सबैका लागि ऐतिहासिक क्षण भएको बताए । कूल मतदातामध्ये लगभग आधा अर्थात् ३१ करोड २० लाख महिला मतदाताको सहभागिता रहेको बताइएको छ। यसले भारतका मतदाताहरूको अविश्वसनीय शक्तिलाई देखाउने उनले उल्लेख गरे ।

आयोगको ९६ करोड ८० हजार योग्य मतदाताको तथ्यांकको आधारमा, योग्य मतदाताको ६६.३ प्रतिशत मतदान भएको र यो सन् २०१९ को निर्वाचनको तुलनामा थोरै कम रहेको जनाएको छ । मतदानमा केहीले एकाध स्थानमा उदासीनता, सनकीपनमाथि विश्वास गर्दै हिंसात्मक रूपमा प्रस्तुत हुन खोजे पनि निर्वाचनमा 'हिंसाको कुनै ठूलो घटना नभएको' प्रमुख निर्वाचन आयुक्तल कुमारले बताए ।

आगोगका अनुसार सातौं र अन्तिम चरणको मतदान शनिबार समाप्त भयो भने मंगलबार मतगणनाको नतिजा आउने छ ।

अधिकांश 'एक्जिट पोल' ले मोदी विजयको बाटोमा रहेको देखाउँछ । प्रधानमन्त्री मोदीले आफ्नो सरकारलाई पुनः निर्वाचित गर्न भारतीय जनताले कीर्तिमानी संख्यामा मतदान गरेको कुरामा आफू विश्वस्त रहेको बताउँदै आएका छन् । भारतसँग गणना प्रक्रिया बलियो भएको र इलेक्ट्रोनिक मतदान मेसिनहरू प्रयोग गरी मतपत्रको छिटो गणना गर्न अनुमति दिइएको उनले बताए ।

**निर्वाचनमा खटनपटनका लागि प्रशंसा**

मुख्य निर्वाचन आयुक्त राजीव कुमारले चुनावको जटिल खटनपटनका लागि केन्द्र र राज्य सरकारहरूको प्रशंसा गर्दै 'मतदाता नै वास्तविक विजेता रहेका' बताए ।

उनले कूल मतदाताको संख्या बढेता पनि पछिल्लो आमचुनावको तुलनामा मतदानमा केही कमी आएको बताए । सोमबार पश्चिम बंगाल राज्यका दुईवटा मतदान केन्द्रमा पुनः मतदान गरिएको छ ।

आइतबार राजधानी दिल्लीका मुख्यमन्त्री र मोदीविरुद्ध प्रतिस्पर्धा गर्न गठन गरिएको गठबन्धनका प्रमुख नेता अरविन्द केजरीवाल उनलाई दिइएको सुविधाअनुसार निर्वाचनमा सहभागी भई जेल फर्किएका छन् । केजरीवाललाई लामो समयदेखि चलिरहेको भ्रष्टाचारको अनुसन्धानका लागि मार्चदेखि हिरासतमा राखिएकोमा २१ दिन पहिले रिहा गरी मतदान समाप्त हुदाँसम्म निर्वाचनमा प्रचार गर्न अनुमति दिइएको थियो ।

'जब सत्ता तानाशाही बन्छ, तब जेल एक जिम्मेवारी बन्छ' भन्दै केजरीवालले आत्मसमर्पण गर्नुअघि जेलबाट 'लडाइँ' जारी राख्ने प्रतिबद्धता जनाएका थिए । मोदीका राजनीतिक विरोधीहरू र अन्तर्राष्ट्रिय अधिकार समूहहरूले लामो समयदेखि भारतको लोकतन्त्रका लागि खतराहरूबारे चेतावनी दिएका छन् ।

अमेरिकी थिंक टयांक फ्रिडम हाउसले यस वर्ष भाजपाले 'राजनीतिक विरोधीलाई लक्षित गर्न सरकारी संस्थाहरूको धेरै प्रयोग गरेको' बताएको छ ।

**चरम गर्मीका कारण कम मतदान**

मतदाताको उपस्थितिमा आएको गिरावटलाई विश्लेषकहरूले आंशिक रूपमा भारतीय गर्मीमा औसतभन्दा बढी तापक्रमलाई दोष दिएका छन् । गर्मीका कारण उत्तरी भारतमा ४५ डिग्री सेल्सियसभन्दा बढी तापक्रमका कारण लाखौं मानिसहरू मतदान केन्द्र बाहिर लामबद्ध भएका थिए ।

उत्तर प्रदेश राज्यमा मात्रै शनिबार गर्मीका कारण ३३ जना मतदानकर्मीको मृत्यु भएको थियो । उक्त राज्यमा निर्वाचन अधिकारीहरूका अनुसार ४६.९ डिग्री सेल्सियस तापक्रम पुगेको छ । यो चुनावबाट मतदान चाँडै समाप्त हुनुपर्ने पाठ सिकेको कुमारले बताए । *रासस/एएफपी*

# विश्वका वायुसेवा कम्पनीको आम्दानीमा बढ्ने

**दुबई-** विश्वका वायुसेवा कम्पनी (एयरलाइन्स) ले सन् २०२४ मा करिब पाँच अर्ब यात्रु बोक्ने अपेक्षा गरेको र यो संख्या कोभिड-१९ महामारीअघिको उच्च रेकर्डभन्दा पनि बढी भएको अन्तर्राष्ट्रिय हवाइ यातायात संघ (आइएटिए) ले सोमबार जनाएको छ ।

आइटिएले यस वर्ष विश्वका वायुसेवा कम्पनीहरूले ३० अर्ब अमेरिकी डलर आम्दानी गर्ने अपेक्षा गरेको छ। आइटिएका महानिर्देशक विली वाल्शले दुबईमा उक्त संस्थाको वार्षिक साधारणसभामा भने, 'अपेक्षित लाभ 'हालको गहिरो महामारी घाटा'लाई ध्यानमा राख्दै एक ठूलो उपलब्धि हो ।'

'व्यक्ति र अर्थव्यवस्थाको महत्त्वाकांक्षा र समृद्धिका लागि उड्डयन निःसन्देह पनि महत्त्वपूर्ण छ । एयरलाइन्सको नाफालाई मजबुत बनाउनु र वित्तीय लचिलोपन बढाउनु महत्त्वपूर्ण छ,' उनले भने ।

विश्वभरका ३०० भन्दा बढी एयरलाइन्सहरू समावेश रहेको आएटिएले वैश्विक ट्राफिकको ८३ प्रतिशतका लागि लेखांकन गर्दछ । आइएटिएले संयुक्त अरब इमिरेट्सको वित्तीय हब दुबईमा संस्थाको ८०औं वार्षिक साधारणसभा आयोजना गर्दै छ ।

बलियो आँकडाको बावजुद, पार्टपुर्जाहरूको अभाव र श्रम र जलवायु परिवर्तनसँग सम्बन्धित चुनौतीहरूको कारण एयरलाइन्सहरूले लागतमा तीव्र वृद्धिको सामना गरिरहेका छन् । आइएटिएका अनुसार यो वर्ष उनीहरूको कूल खर्च पनि ९.४ प्रतिशतले बढेर ९३६ अर्ब डलर पुग्ने अनुमान गरिएको छ ।

एयरलाइन्स उद्योगको कूल आम्दानी यस वर्ष करिब १० प्रतिशतले बढेर ९९६ अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको आइटिएले जनाएको छ । *रासस/एएफपी*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANWAR BEAUTY SALON AND INSTITUTE COMPANY FOR LADIES BEAUTY

पूर्व स्वीकृति मिति २०७९/०९/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२२ | LT. No. 278800 | चलानी नं. ६०१९४४५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 0 | 4 | 100 | ४३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 5 | 150 | ६५,०३० | | | | | | | |

कम्पनी : KOHL AND DERM SALON FOR WOMEN'S BEAUTY

पूर्व स्वीकृति मिति २०७९/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२२ | LT. No. 280832 | चलानी नं. ६०१९६४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 3 | 150 | ६५,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Pedicure & Manicure | 0 | 3 | 150 | ६५,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २९ गते (11th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## अनलाइन पत्रिका बन्द हुने सूचना

**सूचना प्रकाशन मितिः २०८१/०२/२२**

यस nepalihaami.com नामक अनलाइन पत्रिका कुनै दायित्व बाँकी नरहने गरी बन्द गर्न लागिएको हुँदा तत् सम्बन्धमा कोही कसैको केही लेनदेन बाँकी बक्यौता भएमा यस सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाब मिलन गर्नहुन अनुरोध गर्दछौं ।

www.nepalihaami.com परिवार



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PARKWAY INTERNATIONAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति २०८१/०१/३० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२१ | LT. No. 304566 | चलानी नं. ६०२१९४५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fitter | 20 | 0 | 1200 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Block Mason | 30 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 3 | Female Cleaner | 0 | 20 | 1000 | ३६,१०५ | | | | | | | |
| 4 | General Worker | 20 | 0 | 900 | ३२,४९५ | | | | | | | |
| 5 | Plaster Mason | 30 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 6 | Steel Welder | 20 | 0 | 1300 | ४६,९४० | | | | | | | |
| 7 | Water Proofing | 20 | 0 | 1300 | ४६,९४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः बुट्वल मल्टिपल ट्रेनिङ प्रा.लि., तिलोत्तमा-२, जानकीनगर, रुपन्देहीमा मितिः २०८१ जेठ २५ गते (7th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.**
श्रम इजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271



## शुभप्रवा सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.

मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं
फोन नं ४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र न्युरोड काठमाडौं

### कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०२/२२ गते**

यस संस्थाबाट कर्जा लिनु भएको तपसिलमा उल्लेखित ऋणीहरूले यस संस्थासँग कर्जा लिदा कर्जा तमसुक लगायतका लिखतहरूमा उल्लेखित शर्त बन्देजहरू बमोजिम साँवा र व्याज रकम समय समयमा भुक्तानी गर्नु पर्नेमा नतिरी, नबुझाई तोकिएको भाखा अवधिभित्रको शर्त तथा कबुलियत नामामा उल्लेखित नियमहरू उल्लंघन गर्नु भएकोले बक्यौता (साँवा, व्याज र हर्जना) रकम भुक्तानी गर्नका लागि यस संस्थाबाट पटक पटक मौखिक तर/ताकेता गर्नुका साथै पटक पटक पत्रद्धारा जानकारी गराउँदा समेत बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले कर्जा चुक्ता गर्न आउने बारे ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त समयभित्र आफ्नो सम्पूर्ण साँवा, व्याज र हर्जना रकम बुझाई ऋण चुक्ता गर्नु हुन यसै सूचनाद्धारा जानकारी गरिन्छ । माथि उल्लेखित समयवधिभित्र ऋणीले कर्जा नतिरेमा ऋणी तथा जमानीकर्ता आफैंले उक्त कर्जा लिंदा गरेको व्यक्तिगत धनजमानी, लिखतका कबुल शर्त अनुसार आफ्नो जिम्मेवारी, दायित्वमा पर्न जाने हुँदा कर्जासँग सम्बद्ध सबै पक्षहरूलाई यसै सूचना मार्फत जानकारी गराइन्छ । तोकिएको अवधिभित्र पनि साँवा, व्याज र हर्जना रकम चुक्ता नगरेमा सहकारी ऐन २०७४ तथा नेपालको प्रचलित अन्य विद्यमान कानूनमा व्यवस्था भए अनुसार ऋणीले कर्जा लिंदा कर्जा सुरक्षण बापत लेखिदिएको धितो लिलाम बिक्री गरी कर्जा असुलउपर गरिनुका साथै यो धितोबाट असुलउपर नहुने अवस्थामा बाँकी रहेमा ऋणी र धन जमानीको अन्य श्रीसम्पत्तिहरूबाट असुलउपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।

**तपसिल**

| ऋणीको विवरण | साक्षी/जमानीको विवरण | धितो विवरण |
|---|---|---|
|  **नाम थर** : चुडामणी दाहाल<br>**बाबुको नाम थर** : लक्ष्मीप्रसाद दाहाल<br>**बाजेको नाम** : रंगनाथ दाहाल<br>**स्थायी ठेगाना** : उदयपुर जिल्ला, साविक कटारी **गा.वि.स.** : वडा नं.३, हाल परिवर्तित कटारी न.पा.वडा नं. ४<br>**ना.प्र.प.नं.**: ८२४३५ (उदयपुर) | **नाम थर** : चन्द्र बहादुर थापा<br>**बाबुको नाम थर** : देव बहादुर थापा<br>**बाजेको नाम** : भक्त बहादुर थापा<br>**स्थायी ठेगाना** : उदयपुर जिल्ला, साविक रूपाटार गा.वि.स, वडा नं.८, हाल परिवर्तित ताप्ली गा.पा.वडा नं. ५,<br>**हालको ठेगाना** : कटारी न.पा. वडा नं.५,<br>**ना.प्र.प.नं.**: ६०३८५ (उदयपुर) | **जग्गाधनीको नाम थर** : चुडामणी दाहाल<br>**ठेगाना** : साविक चित्तापोल गा.वि.स<br>**वडा नं.** ७, भक्तपुर<br>**कित्ता नं** : ४४८/ सिट नं.: ७ क<br>**क्षेत्रफल** : ०-५-०-० (१५८.९५ व.मि.) |
|  **नाम थर** : डम्बर बहादुर गुरुङ<br>**बाबुको नाम थर** : भैर बहादुर<br>**बाजेको नाम** : सस्ने गरुङ<br>**स्थायी ठेगाना** : साविक रुम्जाटार गा.वि.स. वडा नं.८, ओखलढुंगा<br>**ना.प्र.प.नं.**: २५९०/३०४ | **नाम थर** : अष्ट बहादुर गुरुङ<br>**बाबुको नाम थर** : धन राज गुरुङ<br>**बाजेको नाम** : बिर बहादुर गुरुङ<br>**स्थायी ठेगाना** : केवलपुर-६, धादिङ<br>**ना.प्र.प.नं.**: १८५०१<br><br>**नाम थर** : मेरिना गुरुङ<br>**बाबुको नाम थर** : अष्ट बहादुर गुरुङ<br>**बाजेको नाम** : धन बहादुर गुरुङ<br>**स्थायी ठेगाना** : का.म.न.पा-६, बौद्ध<br>**ना.प्र.प.नं.**: २७१०६०/३६६८४ | **जग्गाधनीको नाम थर** : डम्बर बहादुर गुरुङ<br>**ठेगाना** : साविक इन्द्रायणी गा.वि.स<br>**वडा नं.** ३, काठमाडौं<br>**कित्ता नं** : २६८/ सिट नं.: ३ ख<br>**क्षेत्रफल** : ०-७-२-० (२३८.४३ व.मि) |



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १४१००० | प्रति तोला – १४०३०० | प्रति तोला – १८३५ |



**फेवातालमा साइँली...** | पर्यटकीय राजधानी पोखरास्थित फेवातालमा सोमबार बिहान डुंगा सयर गर्दै पर्यटक । यो याममा पोखरामा भारतीय पर्यटकको चहलपहल बढेको छ । *तस्बिरः रामबहादुर थापा/रासस*

# अरुण तेस्रो जलविद्युत्‌को सुरुङ आज छिचोलिने

■ प्रभाव संवाददाता

**किमाथांका (संखुवासभा)–** संखुवासभामा निर्माणाधीन नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाको मुख्य सुरुङ (आज) मंगलबार छिचोलिने भएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'द्वारा सुरुङ छिचोल्ने कार्यक्रम तय गरिएको प्रमुख जिल्ला अधिकारी ध्रुवबहादुर खड्काले बताए । आयोजनाको सुरुङ प्रधानमन्त्रीद्वारा छिचोल्ने निश्चित भइसकेको आयोजना निर्माण गरिरहेको भारतीय सतलज कम्पनी (एसजेबिएन)ले जनाएको छ ।

उक्त आयोजनाको ७० प्रतिशत काम सकिएको छ । प्रधानमन्त्री दाहालले अरुण तेस्रोको 'ड्यामसाइट' र 'पावरहाउस'को हेलिकप्टरबाटै अनुगमनसमेत गर्ने कार्यक्रम तय गरिएको छ। आयोजनाको मुख्य सुरुङ मकालु-५ फ्याक्सिन्दाको आमराङदेखि चिचिला गाउँपालिका-३ दिदिङ पुखुवा पावरहाउससम्म ११ दशमलव ८३७ किलोमिटर छ ।



आयोजनामा कुनै अवरोध नभएमा एक वर्षभित्र निर्माण सम्पन्न हुने आयोजनाले जनाएको छ। आयोजना सम्पन्न भइसकेपछि मात्र स्थानीयले शेयर पाउने परियोजना विकास सम्झौता (पिडिए) मा व्यवस्था गरिएको छ। आयोजनाबाट व्यावसायिक उत्पादन सुरु भएको एक वर्षभित्र स्थानीयलाई शेयर दिने पिडिएमा उल्लेख छ। पिडिएअनुसार यस परियोजनाबाट एक सय ६० करोड रूपैयाँ स्थानीयलाई शेयर दिइनेछ। शेयर रकममध्ये पहिलो किस्तामा ५० प्रतिशत नौ सय ८० करोड र पहिलो उत्पादन वर्ष सकिएपछि दोस्रो उत्पादन वर्षको अन्त्यमा बाँकी ५० प्रतिशत शेयर वितरण गरिनेछ। शेयर वितरण गर्दा प्रत्यक्ष प्रभावितलाई पहिलो प्राथमिकतामा राखिने पिडिएमा भनिएको छ।

करिब एक खर्ब चार अर्ब लागत अनुमान गरिएको आयोजनाबाट नेपाललाई २१ प्रतिशत निःशुल्क विद्युत् प्राप्त हुनेछ। विभिन्न शीर्षकमा तीन खर्ब ४८ रूपैयाँ आर्थिक लाभ मिल्ने जनाइएको छ।

विद्युत् उत्पादनपछि प्रत्यक्ष प्रभावित परिवारले प्रतिमहिना ३० युनिटसम्म विद्युत् निःशुल्क प्राप्त गर्नेछन् । निर्माण सम्पन्न भएको २५ वर्षपछि आयोजना नेपाल सरकारलाई हस्तान्तरण गर्ने पिडिएमा उल्लेख छ। अरुण तेस्रो जलविद्युत् आयोजनामा नेपाली र भारतीयसहित चार हजार कामदार कार्यरत छन् ।

# 'नेपाललाई पर्यटकीय 'हब' बनाउँछौं'

■ प्रभाव संवाददाता

**कास्की–** उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले नेपाललाई पर्यटकीय 'हब'का रूपमा विकास गर्न सरकार प्रतिबद्ध रहेको बताए । ७४ औं अन्नपूर्ण दिवसका अवसरमा परराष्ट्र मन्त्रालय र नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालयद्वारा विभिन्न देशका राजदूत तथा कूटनीतिक नियोगका प्रतिनिधिको स्वागतार्थ पोखरामा आइतबार आयोजित रात्रिभोजमा उहाँले सो कुरा बताएका हुन् ।

आगामी वर्ष १६ लाख पर्यटक भित्र्याउने लक्ष्य लिइएको जनाउँदै उनले सरकार नयाँ पर्यटकीय गन्तव्यको पहिचान र प्रवर्द्धनमा लागेको बताए । 'नयाँ गन्तव्यस्थल र पदमार्गको पहिचानसँगै पर्यटकीय सर्किट विकास गर्न सरकारले योजना बनाइरहेको छ,' उपप्रधानमन्त्री श्रेष्ठले भने, 'प्रकृति, संस्कृति, परम्परा, भौगोलिक विविधता आदि हाम्रा पर्यटकीय धरोहर हुन् ।' उनले राजदूत र कूटनीतिक नियोगका प्रतिनिधिलाई आफ्नो समुदाय र देशमा नेपालको पर्यटनबारे



प्रचारप्रसार गरिदिन आग्रह गरे ।

'अतिथि देवो भवः'को आदर्श वाक्य उद्धृत गर्दै उपप्रधानमन्त्री श्रेष्ठले नेपालीहरू आतिथ्य संस्कारका दृष्टिले विश्वभर चिनिएको बताए । सिद्धार्थ गौतम बुद्धको जन्मस्थल लुम्बिनी, विश्वकै अग्लो शिखर सगरमाथालगायत अनेकौं प्राकृतिक तथा सांस्कृतिक सम्पदा हेर्न विश्वभरका पर्यटक नेपाल आउने गरेको उनले बताए ।

उपप्रधानमन्त्री श्रेष्ठले पर्यटकीय राजधानी पोखरा साहसिक पर्यटन गतिविधिमा पनि उत्तिकै महत्वपूर्ण गन्तव्यका रूपमा विकास भइरहेको बताए। उनले ध्यान, योग र आध्यात्मिक पर्यटनका माध्यमबाट पनि पोखराको थप विकास गर्न सकिने बताए। अन्नपूर्ण दिवसका अवसरमा आइतबार नै विभिन्न देशका राजदूत तथा कूटनीतिक नियोगका प्रतिनिधिले कास्कीको धम्पुसदेखि अस्तामसम्म पदयात्रा गरेका थिए ।

विश्वमै पहिलोपटक आठ हजार मिटरभन्दा अग्लो हिमाल आरोहणको सम्झनामा उक्त पदयात्राको आयोजना गरिएको थियो । सन् १९५० जुन ३ मा फ्रान्सेली आरोही मौरिस हर्जोग र लुई लाशनालले आठ हजार ४१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमाल आरोहण गरेका थिए। सोही दिनको सम्झनामा बर्सेनि अन्नपूर्ण दिवस मनाउने गरिन्छ । पर्यटकीय राजधानी पोखरामा विविध कार्यक्रमसहित ७४औं अन्नपूर्ण दिवस मनाइएको छ ।

## अध्यागमनका कर्मचारीलाई छुट्टै पोसाक

**काठमाडौं–** अध्यागमन विभागसहित विभागअन्तर्गतका १५ वटा कार्यालयका कर्मचारीको पहिचान खुल्नेगरी छुट्टै पोसाकको व्यवस्था गरिएको छ । यही जेठ १६ गते मन्त्रीस्तरीय निर्णयबाट स्वीकृति भएकासँगै विभागले छुट्टै पोसाकको व्यवस्था गरेको हो ।

अध्यागमनमा कार्यरत कर्मचारीको पोसाकबाट पहिचान गर्न सकियोस् भन्ने उद्देश्यले छुट्टै व्यवस्था गरिएको अध्यागमन विभागले जनाएको छ । अध्यागनका कर्मचारी र अन्य निकायका कर्मचारी छुटचाउन कठिनाइ भएकाले सरोकार भएकासँग समन्वय गरी पोसाकको व्यवस्था गरिएको विभागले जनाएको छ। विमानस्थलमा हुने कमीकमजोरी तथा भ्रष्टाचारको भागिदार अध्यागमनका कर्मचारी बन्न नपरोस् भन्नका लागि पोसाकको व्यवस्था गरिएको विभागको भनाइ छ। *रासस*

# क्लियरिङ हाउसमा गाभियो 'नेप्स'

■ प्रभाव संवाददाता

**काठमाडौं–** भुक्तानी प्रणाली सेवा प्रदायक कम्पनी नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)ले सोही प्रकृतिको अर्को कम्पनी नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स् लिमिटेड (नेप्स) लाई प्राप्ति गरी सोमबार 'नेपाल क्लियरिङ हाउस लिमिटेड' कायम भएको छ ।

नेपाल राष्ट्र बैंकका अनुसार साविकको नेप्सेको सम्पूर्ण दायित्व तथा सम्पत्ति सोमबारबाट नेपाल क्लियरिङ हाउसमा सरेको हो । गत चैतमा एनसीएचएलले नेप्सलाई प्राप्ति गर्नेसम्बन्धी सम्झौता भएको थियो । उक्त सम्झौतापछि दुवै संस्थाहरूले छुट्टाछुट्टै विशेष साधारणसभामार्फत आफ्नो शेयरधनीहरूको समर्थन लिइ नेपाल राष्ट्र बैंकको अन्तिम स्वीकृति मागेका थिए ।

बैंक वित्तीय संस्थाबाट प्रवर्द्धित दुवै संस्था नेपाल राष्ट्र बैंकबाट भुक्तानी प्रणाली सञ्चालकको अनुमति प्राप्त गरी विगत लामो समयदेखि सञ्चालनमा थिए । नेप्सले हालसम्म विभिन्न कार्ड स्किमका लागि कार्ड स्वीचको पूर्वाधार विस्तार गर्दै बैंक वित्तीय संस्थालाई सेवा दिँदै आएको थियो ।

त्यस्तै एनसिएचएलले कार्ड बाहेकका विभिन्न विद्युतीय भुक्तानी प्रणाली, पूर्वाधार प्ल्याटफर्ममार्फत आफ्नो सदस्यहरूलाई सेवा दिदै आएको थियो ।

प्राप्ति प्रक्रिया सकिएसँगै दुवै संस्थाका प्रणाली, पूर्वाधार र कारोबारलाई एकीकृत गरिएको छ । विसं २०६५ पुसमा स्थापना भएको एनसिएचएलले एनसिएचएल-इइसिसी, एनसिएचएल-आइपिएस, कनेक्ट आइपिएस, कर्पोरेट पे, कनेक्ट आरटीजिएस, नेसनल पेमेन्ट इन्टरफेस, नेपाल पे क्युआरजस्ता भुक्तानी प्रणाली सञ्चालन गर्दै आएको छ ।

हाल एनसिएचएलले एनपिएसअन्तर्गतको नेशनल कार्ड स्विच र नेपाल पे डोमेस्टिक कार्ड कार्यान्वयन गर्ने क्रममा रहेको छ । ५३ भन्दाबढी बैंक वित्तीय संस्था र एक सयभन्दा बढी अन्य संस्था/निकायले एनसिएचएलको प्रणाली प्रयोग गर्दै आएका थिए ।

त्यसैगरी विसं २०६९ फागुनमा स्थापित नेप्सले विभिन्न बैंक वित्तीय संस्थाका लागि केन्द्रिकृतरूपमा कार्ड जारी गर्ने, स्वीकार गर्ने र कारोबार सम्पन्न गर्ने काम गर्दै आएको थियो । नेप्सअन्तर्गत ११ बैंक तथा वित्तीय संस्थाको एक हजार छ सयभन्दा धेरै एटिएम, नौ हजारभन्दा बढी पिओएसमार्फत सेवा र इकमर्स कारोबारको सेवा उपलब्ध गराउँदै आएको थियो ।

# निगुरोको माग बढेसँगै स्थानीय व्यापारमा व्यस्त

■ विवेक मिश्र

**बेलबारी (मोरङ)** – तरकारीका रूपमा प्रयोग हुने निगुरोको माग बढेसँगै मोरङका सामुदायिक तथा साझेदारी वनमा यहाँका स्थानीय निगुरो टिप्न व्यस्त छन् । वर्षायाम सुरु भएसँगै यहाँका स्थानीयवासी निगुरो टिपेर व्यापार गर्न व्यस्त रहेका जनसेवा सामुदायिक वनका अध्यक्ष मीनकुमार राईले बताए ।

उनी काठमाडौंलगायत सहरी क्षेत्रबाट माग बढेपछि यहाँका वन क्षेत्रबाट ठूलो परिमाणमा निगुरो बिक्री हुने गरेको बताउँछन् । 'स्वादिलो र स्वस्थ्यकर मानिएको तरकारीका रूपमा प्रयोग हुने निगुरोको माग हुन थालेपछि अहिले पथरी, कानेपोखरी, लेटाङ, भाउन्नेलगायतका वनबाट निगुरो टिप्न भ्याइनभ्याइ छ । जङ्गलमा बिहानैदेखि साँझसम्म स्थानीयको भिड लाग्ने गरेको छ। हाम्रो सामुदायिक वनबाट मात्रै वार्षिक रु तीन करोडभन्दा बढीको निगुरो बाहिरिने गरेको छ,' उनले भने, 'वर्षायाममा मात्रै दैनिक १० गाडीभन्दा धेरै निगुरो सङ्कलन हुन्छ, प्रत्येक गाडीमा पाँचदेखि छ हजार मुठा निगुरो निर्यात हुने गरेको छ ।' उनले धेरैजसो निगुरो काडमाडौं जाने गरेको बताए ।

विगत १० वर्षदेखि बेलबारी १० भाउन्नेमा निगुरोको व्यापार गर्दै आउनुभएकी स्थानीय भद्रमाया भट्टराईले पहिले स्थानीयस्तरमा मात्र बिक्री हुने गरेकामा पछिल्लो समय काठमाडौंलगायत सहरबाट पनि माग आउन थालेको बताउँछिन् । 'निगुरो केही वर्ष पहिले अहिलेजस्तो काठमाडौं निर्यात हुँदैनथ्यो र बजारको खोजीमा इटहरी, दमक, बिर्तामोडसम्म पुर्‍याउनुपर्ने बाध्यता थियो तर अहिले भने काठमाडौंको माग धान्नै सकिएको छैन । त्यसैले स्थानीयस्तरमा रहेका अन्य व्यक्तिबाट सङ्कलन गरेर हामीले काठमाडौंका व्यापारीलाई निगुरो बिक्री गर्ने गरेका छौं,' भट्टराईले भनिन् ।

६९ वर्षीया भद्रमायाले यसै व्यवसायबाट दश जनाको परिवारको गर्जो टारिरहेको बताइन् । भाउन्नेकी गीता दर्जी र मनमाया दर्जीलाई पनि हरेक वर्षायममा निगुरो टिप्ने भ्याइनभ्याइ हुन्छ। यसपटक पनि हरेक बिहान ७ बजे नै जङ्गल पसेर निगुरो टिप्नु उहाँहरूको दिनचर्या नै भएको छ । 'यसपटक पनि दैनिकजसो बिहान ७ बजेदेखि ११ बजेसम्म निगुरो टिप्छौं, सङ्कलन गरिएको करिब ४० मुठा रु १५ का दरले सङ्कलन केन्द्रमा बिक्री गरिरहेकी छु,' गीताले भनिन्। गीता र मनमायाजस्तै यहाँका धेरै स्थानीयले वर्षायामभरी निगुरो टिपेर सङ्कलन केन्द्रलाई बिक्री गरिरहेकी छिन् । केन्द्रले प्रतिमुठा रु दुई नाफा राखेर रु १७ का दरले अन्य व्यापारीलाई बिक्री गर्ने कृषि विज्ञ डा राजेन्द्र उप्रेतीका अनुसार निगुरो एक उन्यू प्रजातीको वनस्पति भएकाले चिस्यान क्षेत्रमा बढी उम्रिने गरेको र निकै स्वस्थ्यकर तरकारी मानिने भएकाले अहिले माग बढ्दै गएको बताए । 'निगुरोमा प्रोटिन, भिटामिन 'ए,' क्याल्सियमलगायतका पोषक तत्व पाइन्छ, जसले प्रतिरक्षा प्रणालीलाई बलियो बनाउन मद्दत गर्छ। त्यस्तै यसबाट पाइने भिटामिन 'सि' पनि पर्याप्त मात्रामा पाउने भएकाले आँखा र आइरनले रातो रक्तकोशिका वृद्धिमा पनि सहायता पुग्ने गरेको छ । पछिल्लो समय यो महत्व बुझ्न थालिएकाले सहरी क्षेत्रमा निगुरोको माग बढ्दैछ,' डा उप्रेतीले भने ।

पूर्वपश्चिम राजमार्गको उर्लाबारीदेखि बेलबारीसम्मका सडक किनारमा जङ्गलबाट टिपेर ल्याएको निगुरो बिक्रीका लागि राखिएका भेटिन्छन् । यसबाट यहाँका सयौं परिवारको गुजारा चलेको बताउँछन् मोरङका डिभिजन वन अधिकृत विष्णुलाल घिमिरे । उनले निगुरो टिप्न आउनेको संख्यात्मक वृद्धि र माग बढेसँगै अब सामुदायिक वन उपभोक्ता समूहले त्यसललाई व्यवस्थित गर्नुपर्ने आजवश्यकता औंल्याए ।

'जंगली निगुरो टिपेर धेरैको गुजारा चलिरहेको छ, यो स्थानीको आम्दानीको स्रोत बन्नु राम्रो कुरा हो तर निगुरो टिप्दा जडीबुटीलगायत अन्य प्रजातीका बिरुवा नष्ट हुनसक्नेतर्फ सचेत रहँदै व्यवस्थापन र निगरानी बढाउनुपर्ने जरूरी छ,' उनले भने, 'त्यसका लागि जङ्गल प्रवेश गर्ने व्यक्तिलाई स्थानीय सामुदायिक तथा साझेदारी वन उपभोक्ता समूहले परिचयपत्रको व्यवस्था गरेर मात्र प्रवेशाज्ञा दिनुपर्ने आवश्यकता छ ।'

मोरङमा एक सय ३६ सामुदायिक वन र चारवटा साझेदारी वन रहेका छन् । हाल साझेदारी वनको नवीकरण गर्दा वन कार्ययोजनामा निगुरोसम्बन्धी कार्यक्रम समावेश गर्न थालिएको वन अधिकृत घिमिरेले बताए । बेलबारी चिसाङ साझेदारी वन उपभोक्ता समूहका अध्यक्ष दिनेश गिरीले दैनिक ४० किलोमिटर टाढाबाट समेत दर्जनौंको संख्यामा निगुरो टिप्न साझेदारी वन क्षेत्रमा आउने गरेको बताए । उनले अब कार्ययोजनामै समावेश गरेर निगुरो टिप्न जानेलाई अनिवार्य परिचयपत्रको व्यवस्था गरिने बताए । उक्त वन क्षेत्रबाट हाल दैनिक दुईदेखि तीन लाखको निगुरो निर्यात हुने गरेको जनाइएको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ